# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा संचालित लेखन प्रतियोगितामा प्रथम हुने प्रतियोगीलाई भिक्षु अश्वघोषले प्रमाण पत्र प्रदान गर्नुहुँदै

मंसीर पूर्णिमा



मैत्री संघको प्रायोजन र ध्यान कुटी विहारको सहयोगमा संचालि[illegible] बाल [illegible] काहरू[illegible] साथमा रेखदेखका लागि कार्यरत गुरुमांहरू

DHARMAKIRTI

वर्ष– १८ अङ्क– ८ वार्षिक रु. ६०/– मूल्य रु. ५/–

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् । लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाइँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ-सम्पादक मण्डल हुने छैन ।

✿

★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि तःधंगु तिबः ज्वीफु ।

★ छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।

★ छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।

★ आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

## विषय-सूचि


| | | |
|---|---|---|
| १) बुद्ध वचन | - | १ |
| २) कुरंगमिय जातक | - प्रकाश बज्राचार्य | २ |
| ३) (कविता) धम्मपदया आधारय् | - ज्योति शाक्य | २ |
| ४) "बुद एक महान सामाजिक क्रान्तिकारी" | - तारा डंगोल | ३ |
| ५) बुद्ध-छम्ह महान सामाजिक क्रान्तिकारी | - राजा बज्राचार्य | ६ |
| ६) भगवान बुद्ध एक महान सामाजिक क्रान्तिकारी | - श्यामलाल चित्रकार | ९ |
| ७) धम्मपद-१३३ | - रीना तुलाधर | ११ |
| ८) हाम्रा बौद्धमान बा | - विश्व शाक्य | १२ |
| ९) (कविता) जागरण | - माधवी | १३ |
| १०) बुद्ध शिक्षा र मानवता | - अमित बि.क. | १४ |
| ११) ब्राह्मण : यथार्थ र परम्परा | - डा. शास्त्रदत्त पन्त | १६ |
| १८) धर्मकीर्ति विहार - गतिविधि | - | १८ |
| १९) यो पनि जान्न लायकको समाचार हो ... | - | १९ |
| २०) धर्म प्रचार - समाचार | - | २० |
| २१) छलफल | - | २४ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक

**विद्यासागर रञ्जित**

फोन : २५८९५५

व्यवस्थापकहरू

**चिनीकाजी महर्जन**

फोन : २५३१८२

**ज्ञानेन्द्र महर्जन**

फोन : २७६९०८

सह-व्यवस्थापक

**ध्रुवरत्न स्थापित**

सम्पादक

**भिक्षुणी वीर्यवती**

फोन : २५९४६६

प्रधान सम्पादक

**भिक्षु अश्वघोष महास्थविर**

फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार

**भिक्षुणी धम्मवती**

फोन : २५९४६६

कार्यालय

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघः टोल

पोष्ट बक्स नं. ४९९२

काठमाडौं

फोन : २५९४६६

बुद्धसम्वत् २५४४

नेपालसम्वत् ११२१

इस्वीसम्वत् २०००

बिक्रमसम्वत् २०५७

---

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**NOVEMBER, 2000**


| वर्ष- १८ | अङ्क- ८ | मंसीर | पूर्णिमा २०५७ |
|---|---|---|---|





★ लडाईमा छोडेको बाण हात्तिले सहन गरे झैं मैले अर्काको कटुवाक्य सहन गर्नेछु । किनकि संसारमा दु:शील ब्यक्ति नै धेरै छन् ।

★★★

★ यो चित्त अघी आफ्नो इच्छा मुताबिक जहाँ मन लाग्यो उहीं जान्थ्यो अब यसलाई मैले माहुतेले हात्तिलाई दमन गरे झैं दमन गर्नेछु ।

★★★

★ पाको बुद्धि भएको शीलवान [illegible] सबै प्रकारको बिघ्न बाधा हट्छ । अनि सचेत तथा प्रसन्न भई त्यस व्यक्तिको सत्संगत गर ।

★★★

# कुरंगमिय जातक

✍ प्रकाश बज्राचार्य

क्या अशुभ दिन ! बिहानैदेखि अमंगल लागेको लाग्यै। कुनै कुरो सफल भएको होइन आज। सबेरै स्नान गर्न भनी घर बाहिर निस्कन्दा कालो बिरालोले बाटो काटेको थियो। दिन अशुभ भइहाल्यो अनि त। नदीमा पनि चिप्लेर तीन बुल्ड्यांङ्ग खाइहाले। घर पुग्दा चाहिंदा नचाहिंदा कुरामा आफ्नी स्वास्नीसंग गन्थन भइहाल्यो। बिहान शिकार गर्न निस्कन लाग्दा पनि कान्छो छोरोले टोकी हाले।

साँझ हुन लागिसकेको थियो। तर पासोमा एउटै जनावर फसेको होइन। क्या अलक्षण दिन परे छ! दिक्क मान्यो त्यो शिकारी। चारैतिर हेऱ्यो। सुनसान। आकाशतर्फ हेरे। सूर्य अस्ताउन लागिसकेको थियो। अनि हेरे त्यो पासोमा जुन उनले आफू लुकिरहेको रूखमुनि बिछ्याइराखेको थियो। आफू रूखमाथि लुकेर कोही यो रूखमुनि आउला फस्ला भनेर ढुकेर बसिराखेको थियो।

दिनभरिको कुराइपछि बल्ल एउटा मृग देखापऱ्यो। मृग राम्रो थियो। हृष्टपुष्ट थियो। मृग उही रूखतिर आउँदै थियो। रूखमाथि लुकेर बसिराख्ने शिकारीको अनुहार उज्यालो भयो। त्यस्ता मृगको मासु खान पाएमा त मेरी स्वास्नी पनि रमाउली– मन मनै उनले सोचे। अनि त्यो मृग यो रूखमुनि आउँछ र मैले राखेको पासोमा फस्नेछ भनी सतर्क भई हेरिराखे।

मृग चलाख थियो। किन हो कुन्नि उनलाई शंका लाग्यो। अनि विस्तारै पाइला बढाई त्यो रूखतिर आयो। तर रूखमुनि आएन। अलिक पर बसी कान ठाडो पारी वातावरणलाई खोतल्नमा लाग्यो त्यो मृग।

रूखमाथि लुकिराख्ने शिकारी हतारिए। उनले विचार गरे– यो रूखमुनि मृगको पाइला देखेर नै मैले यहाँ पासो राखेको हुँ। यी मृगहरू पक्कै पनि यहाँ यो रूखबाट खसेका फलहरू खान आउने हुनु पर्दछ।

अहिले त्यो मृग किन हो कुन्नि यहाँ आउँदैन। केही जुक्ति त लगाउनै पऱ्यो। यसरी विचार गरेर त्यो शिकारीले आफू लुकिराखेको ठाउँमा फलेका केही फलहरू टिपी त्यो तल बसिराख्ने मृगतिर फाल्न थाले।

शंकालु भई चारैतिर हेरिराख्ने मृगले त्यो रूखले फलहरू आफसेआफ फालेर ल्याएको देखी तीन छक्क परे। हो न हो, पक्कै कोही लुकेको हुनु पर्दछ त्यो रूखमाथि भन्ने निश्चय भयो। अनि मृगले ठूलो स्वरमा भने, "हे रूख ! पहिले पहिले त तिमीले आफ्ना फलहरू सिधै गिराउँथ्यौ। तर आज तिमीले फलहरू मतिर फ्यांक्दैछौ। जब तिमीले आफ्नो स्वभावलाई त्यागिसक्यौ भने म मात्र किन तिम्रो फल खान आऊँ ? म पनि अर्कै रूखको फल खान जान्छु।" यति भनी त्यो चलाख मृग कुलेलम ठोके।

माथि रूखमा बसिराख्ने शिकारीले आफ्नो पुर्पुरोमा हात राखे।

XXX

**यो जातक कथा भगवान्ले देवदत्तको विषयमा लिएर भन्नुभएका थिए। यसमा मृग हुने स्वयं बोधिसत्व हुन्। ■**

## धम्मपदया आधारय्

✍ ज्योति शाक्य, का.बु.

**१८३ पापया ज्या खँ छुनं मयाये**
**पुण्य–कुशल जक च्वने मुना**
**याये स्वचित्त शुद्ध सदा नं**
**थ्व हे बुद्धपिनि सुदेशना।**

**२३९ कसर वह:या भति भति याना:**
**मदेका छ्व:थें लुँक: मिनं**
**थ:गु चित्त मल क्षण क्षण अथे हे**
**मदेका च्वंच्वनि ज्ञांदुपिसं।**

**२८७ शील व विद्या, सत्य वचं दुम्ह**
**च्वनीम्ह धर्मय् स्थिर कथं**
**थ:गु ज्या–खँत सार्थक याइम्ह**
**येकइ वयात लोकजनं।**

**२८१ जुया संयमित तन मन व वनं**
**अकुशल ज्या व खँ याइमखुम्ह**
**स्वथी कथं पथ शुद्धम्ह जक जुइ**
**अष्टांगिक लँय् वने फुम्ह।**

**३१२ याना केवल शिथिलगु कर्म**
**संक्लेशयुक्त व्रत च्वना**
**ब्रह्मचर्य नं अशुद्ध जुलसा**
**महाफल प्राप्त जुइमखु न्हां।**

**३१९ दोष धा:गु व निर्दोष धा:गु**
**थ्वीका का:पिं प्रष्ट कथं**
**सम्यक दृष्टि दुपिं सत्त्वपिं**
**सुगतिइ थ्यंक वनी फुकं॥**



Downloaded from http://www.dhamma.digital

*धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा गोष्ठीकै सदस्यहरूको बिच गत भाद्र १७, २४ र ३१ गतेका दिनहरूमा लेखन कला तालिमको आयोजना गरियो । उक्त तालिममा सहभागी हुनु भएका सदस्यहरूको बिचमा एउटा प्रतियोगितात्मक लेख लेखनको आयोजना पनि गरियो । गत कार्तिक २६ गते उक्त लेख प्रतियोगितामा प्रथम, द्वितिय र तृतीय घोषित भएका लेखहरू 'धर्मकीर्ति' पत्रिकामा प्रकाशन गरिएको हो । — सम्पादक*

# "बुद्ध एक महान सामाजिक क्रान्तिकारी"

तारा डंगोल–*प्रथम स्थान*

साधारणतया क्रान्ति भन्नाले हतियार उठाएर विद्रोह गर्नु अथवा हिंसात्मक बाटो अपनाउनु भन्ने बुझिन्छ । जसले गर्दा क्रान्ति भन्नासाथै सवैजना त्रसित हुन्छन् ।

वास्तवमा क्रान्तिको सहि अर्थ विद्यमान व्यवस्था/पद्धतिमा रहेको मिथ्या, रुढीवादी, गलत, असमान, परम्परा, मान्यता, नियम विरुद्ध आवाज उठाएर परिवर्तनका लागि क्रियाशील हुनु हो ।

साधारणतया, जो कोहिले पनि विद्यमान व्यवस्था, परम्परा, मान्यता, नियम विरुद्ध आवाज उठाउन सक्दैन र चाहँदैन । किनभने यस्तो गर्नु जोखिमपूर्ण हुन्छ । यसो गर्दा, अरुले आफूलाई स्वीकार नगर्न सक्छ, अलग्याउन सक्छ । त्यसकारण पनि मानिसहरू परिवर्तनको लागि आवाज उठाउन वा पाइला चाल्न डराउन्छन् । परिवर्तनका लागि आवाज उठाउनका लागि ठूलो आँट, निडरपना, आत्मविश्वास, एवं आत्मबल चाहिन्छ ।

सवै परिवर्तन, सवै क्रान्ति सही नै हुन्छ भन्ने पनि छैन । तर, त्यस्ता परिवर्तन, त्यस्तो क्रान्ति जसले विद्यमानमा रहेका गल्ती, असमानता, अन्याय एवं संकुचिततालाई सुधारी बहुजनको हित र कल्याण गर्छ भने त्यस्तो परिवर्तन-क्रान्तिलाई सकारात्मक परिवर्तन, सकारात्मक क्रान्ति भन्न सकिन्छ ।

भगवान बुद्ध एक महान दार्शनिक, एक महान धर्मगुरु मात्र नभईकन एक महान सामाजिक क्रान्तिकारी पनि हुनुहुन्छ । वहाँले त्यसबखतको रुढीवाद, अन्धविश्वासले ग्रस्त समाज र समाजमा रहेको विभिन्न प्रकारका अन्याय, असमानता विरुद्ध आवाज उठाउनु भयो र सुधारका लागि धेरै कदमहरू पनि चाल्नुभयो ।

सिद्धार्थ कुमार एक राजकुमार हुनुहन्थ्यो तर वहाँले आफू एउटा राजकुमार मात्र भएर बाँच्नुमा कुनै ठूलो औचित्य देख्नु भएन । किनभने त्यसवेला समाजमा धनीले गरिवलाई, ठूलो जात सानो जात वीच छुवाछुट भेदभाव, थिचोमिचो, अन्याय, अत्याचार, असमानता व्यवहार देख्नुभयो र कसरी समाजमा सवैजना समान भावको शिक्षा दिने र यस्तो असमान, अत्याचार व्यवहार बाट मुक्त गर्ने भनी सोची सत्य ज्ञानको खोजी गर्न गृह त्याग गर्नुभयो । र आफ्नो खोज, प्रयास, अभ्यास र अनुभवबाट ज्ञान प्राप्त गर्नुभयो ।

## स्वतन्त्र चिन्तन

मानिसहरूमा सोच्ने, चिन्तन गर्ने दिमाग छ र उनीहरूले स्वतन्त्र रुपमा सोच्न सक्छ भन्ने शिक्षा दिनु त्यसवेलाको समाजमा कम क्रान्तिकारी थिएन । किनभने मानिसको दिमागलाई सामाजिक परम्परा, रुढीवादीले यति संकुचित बनाईसकेको थियो कि त्यसबाट बाहिर आउन धेरै गाह्रो थियो । आफ्नो भाग्य, ईश्वरको कृपा भन्ने जस्ता कुरा सिकाएर मानिसहरूको दिमागलाई पंगु बनाई राखेको थियो । तर वहाँले हामी आफ्नो मालिक आफै हौं, भाग्य वा ईश्वरको कृपा होइन बरु आफ्नै काम (कर्म) महत्वपूर्ण छ भन्ने शिक्षा दिनुभयो । साथै कुनै शिक्षा/कुरा ग्रहण गर्दा सर्वप्रथम त्यसबारे आफूले स्वतन्त्र चिन्तन गरेर यदि ठिक लागेमा मात्र ग्रहण गर भन्ने शिक्षा दिनुभयो जसरी सुनारले सुन किन्नु भन्दा पहिला त्यसको परिक्षा गर्न पोलेर, पगालेर यदि सुन नै हो भनी विश्वास भएपछिमात्र किन्छ ।

## आफ्नो मालिक आफैं हो

सफलता र असफलताको जिम्मेवार आफैं हुन्छौं । आफू नै आफ्नो मालिक हो भनी घोषणा गर्नु भयो ।

मानिसहरू आफू के बन्न चाहन्छ ? त्यहि बन्न सक्छ। जसको लागि उनीहरू मेहनती, लगनशील, दृढ संकल्प भई कार्य क्षेत्रमा लाग्नुपर्दछ। कोहि कसैको सफलताको कारण बन्न सक्दैन। त्यसकारण आफ्नो जीवनको निर्णय आफ्नै हातमा छ। आफू नै आफ्नो मालिक हो भनी शिक्षा दिनुभयो।

## छुवाछुत–जातीय प्रथाको विरुद्ध

जातीय व्यवस्था र जातीय भेदभाव एवं शोषणको चरण सीमामा पुगेको त्यस समयमा बुद्धले जातीय प्रथाको ठूलो विरोध गर्नु भयो। जन्मले सवै मानिस समान छन् भन्ने शिक्षा दिनुभयो र त्यहि अनुरुप सवैलाई समान स्थान पनि दिनुभयो। "न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो" (जन्मले कोही ब्राह्मण हुन्दैन र जन्मले कोही शुद्र पनि हुन्दैन) भन्ने शिक्षा अगाडी राख्नु भयो। मानिसहरू आफ्नै काम (कर्म) ले ठूलो र सानो हुने हो भन्ने शिक्षा दिएर ठूलो जात सानो जातको व्यवस्थाको कडा प्रतिकार गर्नुभयो।

वहाँले भन्नुभयो–कसैको जात नसोध बरु आचरण सोध भनी सिकाउनु भयो। जातले न त कोहि उच्च हुन्छ न त कोहि नीच, कर्मले नै उच्च र नीच हुन्छ भनी शुद्र जातिकालाई पनि भिक्षु भिक्षुणी बनाई ज्ञान अवबोध गरी निर्वाण साक्षात्कार समेत गर्न सक्छन् भन्ने शिक्षा एवं अवसर दिनु भयो।

समाजमा विद्यमान छुवाछुटको अन्त्य गर्न सिद्धार्थकुमार बुद्ध बनिसकेपछि जन-जनको घर-घरमा भिक्षा लिई भोजन गर्नुभयो। यो कुनै सानो क्रान्ति थिएन, किनभने समाजमा ठूलो जातले सानो जातलाई हेप्ने, घृणा गर्ने, छुवाछुटको व्यवहार गर्ने समयमा वहाँले सवै जातका मानिसहरूबाट भिक्षा ग्रहण गरी खानु सानो क्रान्तिकारी कदम थिएन।

## महिला समानता

समाजमा विद्यमान महिलापुरुष बीच असमानतापूर्ण भेदभावलाई निर्मूल पार्न वहाँले महिला र पुरुष समान हुन् भन्ने घोषणा गर्नुभयो। वहाँले समाजलाई यो शिक्षा दिनुभयो की कोहिपनि जन्मजात क्षमता, विवेकहिन भएर जन्मिदैनन्। सबैमा उत्तिकै बुद्धिविवेक, सोच्न सक्ने क्षमता हुन्छ। सबैले आ-आफ्नो क्षमताले, बुद्धिले भ्याएसम्म अध्ययन अभ्यास गरि ज्ञान प्राप्त गर्नसक्छ भनी समाजमा विद्यमान महिलाप्रतिको असमानता र शोषण विरुद्ध सकारात्मक ढंगले पाइला चलाउनु भयो। वहाँले महिलाहरू पापले गर्दा जन्मीन्छन् र नीच हुन्, तसर्थ उनीहरूले मोक्ष प्राप्त गर्नसक्दैनन् भन्ने त्यसबखतको मान्यता भएको समाजमा महिलाहरूलाई पनि आफ्नो संघमा प्रवेश गराउनु भयो र महिलाहरूले पनि ज्ञान अववोध गरी निर्वाण प्राप्त गर्न सक्छन् भन्ने शिक्षा दिनुभयो।

## बलि प्रथाको विरुद्ध

मानिसहरू आफ्नो अपराधबाट मुक्त हुने निहुँमा निर्दोष प्राणीहरूको बलि दिन्थे। वहाँले बलिप्रथा विरुद्ध क्रान्ति गर्नुभयो। मानिसहरू यस अन्धविश्वासमा छन् की आफ्नो इहलोक परलोक सुख शान्ति प्राप्तीका लागि र आफ्नो अपराधबाट मुक्त पाउनको लागि निर्दोष प्राणीहरूको बलि दिन्थे। अरूलाई दुःख दिएर आफू सुखी हुन्छ भन्ने जुन अन्धविश्वासलाई तोड्न वहाँले जनमानसमा त्यसरी निर्दोष प्राणीहरूको बलिबाट आफूले भोग्नु पर्ने दुर्गतिको बारे ज्ञान दिनुभयो। साथै आफ्नो पाप ढाक्न अरूलाई दुःख दिने व्यक्ति कुनै लोकमा सुख शान्ति पाउन सक्दैनन्। बरु आफ्नो गल्तीलाई चिनी स्वीकारेमा र त्यसलाई सुधार गर्नेतिर लागेमा यस लोकमा साथै परलोकमा समेत सुख शान्ति प्राप्त गर्नसक्छ भनी न्याय सम्मत क्रान्ति गर्नुभयो।

## मूर्ति पूजाको विरुद्ध

आफ्नो इच्छा, आँकाक्षा पूर्तिको लागि मानिसहरूले मन्दिरमा गएर मूर्ति पूजा गर्थे। किनभने जनमानसमा यो धारणा थियो कि पूजा गऱ्यो भने देवता खुशी भई आफ्नो इच्छा अनुसारको वरदान दिन्छ। यसरी आफूले मेहनत गर्नु नपर्ने, राम्रो फलको लागी राम्रो काम नगरे पनि हुने, तर जतिसुकै नराम्रा अपराध कार्य गरे पनि ईश्वरलाई पूजा गरेमा राम्रो हुन्छ भन्ने मतलवी सोच राख्थे। यसबाट यो प्रष्ट हुन्छ कि आफूले कुनै परिश्रम नै नगरिकन फलको आशा गर्नु एउटा लाटो बुद्धि। बुद्धले मानिसहरूले राम्रो फल पाउनको लागि आफ्नो योग्यता, दक्षतालाई विकास गरि सहिरूपमा कार्यक्षेत्रमा लाग्नुपर्दछ, अनि मात्र परिश्रम अनुसारको राम्रो फल प्राप्त गर्नसक्छ, भन्ने शिक्षा दिनुभयो।



Downloaded from http://www.dhamma.digital

**ईश्वरवाद विरुद्ध**

बुद्धले ईश्वर आस्था अज्ञानवाद बिरुद्ध पनि क्रान्ति गर्नुभयो । सृष्टि देखि लिएर सम्पूर्ण प्राणीहरूको सम्पूर्ण व्यवहार सुख दु:खको कारण नै ईश्वर हो भनी ईश्वरवादीहरू भन्ने गर्थे । ईश्वर र ईश्वर कृत ग्रन्थहरू आलोचना रहित छन् । ग्रन्थमा लेखिएका र ईश्वरले भनेका कुरालाई आँखा चिम्लेर स्वीकार्नु पर्थ्यो । अनुसन्धान, सुधार गर्नु अपराध वा नास्तिकता मानिन्थ्यो । बुद्धले कुनै कुरा ग्रहण गर्नु अगाडि त्यसबारे स्वतन्त्र चिन्तन गरि ठिक वेठिकको विश्लेषण, छानविन गर्नुपर्दछ, चाहे त्यो बुद्धले नै भनेको होस्, त्रिपिटकमा नै लेखिएको होस्, भनी सत्यको खोजी गर्ने, समय सापेक्ष सृजनात्मक चिन्तनयुक्त शिक्षा प्रचार गर्नुभयो ।

भगवानबुद्ध खाली मुखले भन्ने मात्र होइन, वहाँले गरेर नै देखाउनु हुन्छ । त्यसकारण वहाँ एक "यथावादी तथाकारी, तथाकारी यथावादी" अर्थ- "जे बोल्नु हुन्छ त्यहि गरिदेखाउनु हुन्छ, जे गर्नु हुन्छ त्यहि बोल्नु हुन्छ ।"

यसकुरालाई अझ स्पष्ट पार्न बुद्धकालीन घटनाहरू प्रस्तुत गर्न गइरहेको छु ।

भगवान बुद्धको पालामा सुनीत भन्ने एकजना तल्लोजातको कुचीकार थियो । उसलाई अछुत भनी सवैले उसको मुख हेर्दैन कारण अल्छिन लाग्छ भनेर । त्यसकारण उसले बिहान शहर सफा गर्ने बेलामा घण्टी बजाएर सफा गर्दछन् । एकदिन भगवान बुद्धले सुनीत डराएर भित्तातिर उभिएको देख्नुभयो । त्यसपछि सुनीतलाई डराएको कारण सोध्नु भयो । र सुनीतले पनि भगवानलाई आफू तल्लो जातको भनी भन्दा वहाँले उसलाई बोध गरि भिक्षु बनाउनु भयो । सुनीतले पनि भगवानको उपदेशबाट प्रभावित भई त्यहि अनुरूप क्रियाशील भएर अरहन्त भयो । अत: समाजले अशुद्र भनी बहिष्कार गरेकोलाई शुद्र पारि सबैको पूज्यनीय बनायो ।

भगवान बुद्धको लाभ सत्कार फैलिएको कीर्तिलाई सहन नसकेर केहि दुष्ट स्वभावका व्यक्तिहरूले सुन्दरी परिब्राजिका भन्ने एक जवान केटीलाई हत्या गरी भगवान बुद्ध विहार गर्ने जेतवन विहारको नजिकै गाडिदियो । जसको कारण भगवान र भिक्षुहरूलाई नाना प्रकारले गाली गरियो । जसबाट भिक्षुहरूलाई बाहिर जान लाज भयो । यस्तो अवस्था देखेर भिक्षु आनन्दले भगवान बुद्ध समक्ष यसरी प्रार्थना गर्नुभयो–"भन्ते ! हामी यहाँबाट अर्को ठाउँमा जानुपर्‍यो, सवैले मनपरी गाली गर्छ ।" भगवानबुद्धले भिक्षु आनन्दलाई यसरी उत्तर दिनुभयो–"हे आनन्द ! अर्को ठाउँमा पनि यस्तै भयो भने के गर्ने ? त्यसकारण समस्या देखि भाग्नु भन्दा समस्या समाधान गर्नेतिर सोच्नु पर्दछ । हाम्रो गल्ती नै छैन भने किन हामी यहाँबाट भाग्ने बरू केहि समयको लागि केहि आरोप सहने बानी बसाल । पछि मानिसहरूले सत्यलाई बुझ्ने छन् । यो त कसैको जाल मात्र हो भनी वहाँ आफ्नो मूल्य मान्यतामा अडिग, अचल, स्थीर भई भिक्षुलाई बोध गराउनु भयो ।

यसरी आज भन्दा २५०० वर्ष अघि नै भगवान बुद्धले त्यसबखतको समाजमा रहेका विभिन्न प्रकारका रुढीवाद-अन्धविश्वास-कुसंस्कार एवं अन्याय र असमानताको विरुद्ध ठूलो क्रान्ति गर्नुभयो, विभिन्न परिवर्तन गर्नुभयो । बुद्धले आफ्नो शिक्षा र धर्ममा सवै मानिस समान छन्, सानो र ठूलो भन्ने उसको आफ्नो कामले फरक पार्छ भन्ने शिक्षा व्यवहारमा ल्याउनु भयो । मानिसलाई एक श्रेष्ठ प्राणि हो भन्ने प्रमाणित गर्न उसको बुद्धि र विवेकको उच्चतम क्षमता संभावनालाई बाहिर निकाल्न अवसर दिनुभयो ।

समानता-न्यायपूर्ण पद्धति/समाज बनाउनु भयो । यसै सन्दर्भमा भगवान बुद्धका अनुयायी हामी सवैले सोच्नु पर्ने कुरा के छ भने के त्यस महान क्रान्तिकारी बुद्धको शिक्षा र जीवनको हामी कति अनुशरण गरी रहेका छौं ? के हामी पनि समाजमा रहेका रुढीवाद-अन्धविश्वास-कुसंस्कारलाई हटाउनमा प्रयत्नशील हुन सकेका छौ ? के हामी पनि समाजमा रहेका असमानता र अन्याय हटाउनमा क्रियाशील छौं ? हामीमा पनि त्यस महान क्रान्तिकारी बुद्धको केही न केही क्रान्तिकारी ल्याउन सकेमा नै वहाँप्रति हाम्रो सच्चा पूजा हुनेछ । ■

# बुद्ध-छम्ह महान सामाजिक क्रान्तिकारी खः।

राजा बज्राचार्य-दुतिय स्थान

नी छगूगु सदि तक्कया दुने विज्ञानं हलिमय् (संसारय्) यक्वहे थाय् काये धुंकूगु दु । मनू तयेगु सुख सुबिधाया निम्तिं (अज्ज पशुपंछी व लखय् च्वनीपिनि निम्तिंहेनं) अनेकथंया च्वछाये बहःगु थपू (उन्नति) याना यंका च्वंगु दु। विज्ञानं न्ह्याक्वहे सुख सुबिधाया साधनत चूलाका व्यूसां समाजय् गवलें सुख शान्तिं थाय् कायेमफु । समाजया विकृतिं तापाके मफु । मनूत सामाजिक प्राणि खः, समाजय् मिलय् चलय् जुयाच्वने माःपिं। समाजय् मिलय् जुया च्वनेगु नामय् गुगु विकृति दयाच्वंगु खः उकियात भीसं गुकथं कयाच्वना ? अजाःगु विकृतियात बुद्धं गुकथं ह्यूपाः हया बिज्यात ? थ्व खँ थन न्ह्यब्वयेगु कतः याये। सामाजिक क्रान्ति धैगु समाजय् मिलय् मजूगु खँय् ह्यूपाः हयेगु खः । समाजय् मिलय् मजूगु खँ धैगु मूकथं (१) जातिय असमानता (२) लिङ्गभेद (३) धर्मया विकृति व (४) इश्वर प्रतिया अन्धविश्वास आदि ।

**जातिय असमानताया खँय् :**

दे दुनेहे बिद्रोहया खँ प्याहाँ वयाच्वंगु इलय् राष्ट्र-राष्ट्रप्रतिया छु खँ ल्हायेगु ? थजाःगु अशान्ति बाहेकनं मानव समाज दुने जातिय भेदभावया हुनिं (कारणं) थि-थी कथंया सामाजिक मान्यता दयाच्वनी गुगु मान्यता कथं अन्तर्जातिय इहिपाः जुल धाःसा समाजंहे व्यागलं च्वने मालीगु अवस्था (बाध्यता) दु। तर विदम्बनाया खँ थ्व कि बौद्ध धर्मावलम्बि धकाः जुयाच्वंपिंहे जातिय भेदभावय् लिकुना च्वन तिनि। दसुया निन्तिं छकः विपश्यना ध्यान शिविरय् सेवा याना च्वनाबलय् नेवाः समाजं क्वजात धकाः मानय् याना तःम्ह नाय् धयातःम्ह साधकनं सेवाया निम्तिं वःबलय् अनया व्यवस्थापनय् च्वनाच्वंम्ह छम्हेस्यां वयात भुतुलीला छु नयेगु तयाबी थाय्हे तये मव्यू । जवकि बुद्धं-"जातं वा जन्मं सुनं तःधं चीधं जुइमखु.." धकाः कर्मयात बः बिया बिज्याःगु खः । थौं उलिमछि ह्यूपाः वय् धुंकूगु इलय् नं थजाःगु खँय् लिकुना च्वनेगु पाय्छिगु खँ मखु ।

जातिय भेदभावया सामन्तवाद चलय् जुया च्वंगु इलय् ब्राह्मण तयेगु वेदया आदर्श समाज कथं कयाच्वंगु (गुगु आतकनं धयाच्वंगु हे दनि) ब्राह्मण, क्षेत्री, वैश्य व शुद्र खः । थ्व वर्णाश्रमय् छगू जातिं मेगु जातिया ज्या खँय् (अधिकार वा सुविधाय्) ल्हाः तय्मदु। शुद्र धाःपिंला भन स्वंगु जातियानं सेवा यानाः लय्तायेकाः दासताया जीवन म्वाये माःगु बाध्यता दु । थजाःगु कथंया जातिय असमानतायात बुद्धं सदां बिरोध याना बिज्यात। थ्व हुनिं यानाः वुद्धया बिरोधितनं यक्व हे दुगु खः । तर बुद्धया सम्पर्कय् वय्वहे थम्हं ढंकागु चायेकाः वसपोलयात स्वीकार याइ, वसपोलया धर्मय् लिनावनी । जातिय असमानताया खँयात कयाः बुद्धनाप विवाद याःवंपिं ब्राह्मणत यक्वहे दु । उके मध्ये अश्वलायन धयाम्ह ब्राह्मणयात ब्राह्मण तयेगु छगु पुचलं जातिय असमानताया खँय् विवाद यायेत बुद्धयाथाय् व्छूवल । ब्राह्मणं याःगु न्ह्यसःया लिसलय् बुद्धं-ब्राह्मण तयेगु जन्म विषय, ब्राह्मण तयेगु आदर्श समाज खः धैगु जूसा मेपिसं छाय् नालामकाःगु धैगु खँय् अले ब्राह्मण तय्सं जक मोक्ष प्राप्त याये फै मेपिसं याये फै मखु धैगु नं जुइमखु धाःसा गुकथं ब्राह्मणत उच्च जातयापिं जुइ धकाः प्रति प्रश्न यानाः ध्वा थुइका बिज्यात । अश्वलायनं गुगु खँय् विवाद याःवंगु खः व धायेगु छुं आधार हे मखन लिपा बुद्धया शरण वन ।

**लिङ्गभेदया खँय् :**

थौ कन्हय् मिसा समानताया गुगु खँ प्याहाँ वयाच्वंगु खः वला बुद्धं व इलय् हे बन्देजं चीका बी धुंकूगु खः । अथेनं देशया परिस्थिति व बाध्यतां बुद्धया शिक्षा अध्ययन याये मखंगु हुनिं मिस्त व स्वतन्त्रता पाखें तापाना च्वंगु खः । गुकिया प्रभाव थौं तकनं लानाच्वन तिनि । गां गामय्ला भन दैगुजुल, शहरया सः स्यू धाःपिनि काय् म्ह्याय् दथुइ भेदभाव उथें मजूगु खनेदु । "म्ह्याय् धयाम्ह तःधिकः जुल धाय्व मेपिन्थाय् वनीम्ह, काय् धयाम्ह थःथाय्हे च्वनीम्ह, थःत सी धुंकाः मि तइम्ह...." वस् थुलिहे खँय् मां बौपिसं काय् म्ह्याय पिन्त नय् त्वनेगु निसें आखः ब्वनेगुली तक्क पक्षपात याइपिंनं भीथाय् मदुगु मखु । थ्वहे हुनिं यानाः समाजं मिस्तय्त शारीरिक व मानसिक कमजोर तायेका च्वंगु



Downloaded from http://www.dhamma.digital

दुसा मिस्तयृनं थः - थम्हं - "मिजं तयृसं थेंनं मिस्तयृसं यायेफैला " धैगु कमजोर मनस्थिति ब्वलंका ब्यूगु दु ।

यदि बांला:गु शिक्षा बी फत धा:सा न्ह्याथेहे नीच मानय् याना त:म्ह मिसानं उच्चजात धका: मानय् याना त:म्ह ब्राह्मणस्वयां च्वय् थ्यनेफु धैगु खँ बुद्ध कालिन 'प्रकृति चण्डालनी' या घटनां स्पष्ट जू । व इलय् शुद्रत व मिस्त भन्दै छगूहे तहलय् तयात:गु ख: । थुमिसं गवलेंनं मोक्ष प्राप्त यायेफै मखु थुपिं अशुद्ध ख: धैगु ब्राह्मणतय् धापू ख: । बुद्धं थजा:गु खँय् गवलेंनं भेदभाव याना बिमज्या: । थ्व समान अधिकार महाप्रजापती गौतमी व शाकय कुलपुत्रीपिं जक मखु नीच जात धका: मानय् याना त:पिं मिस्त तक्कनं संघय् दुकया: मिस्तसेंनं मिजंतयृसं थेंतुं निर्वाण थें जा:गु उच्चपद प्राप्त याना कायेफु धैगु क्यना बिज्यात । मिसा समानताया खँ बुद्धया संघय् जक मखु गृहस्थि जीवनयृनं दु धैगु शिक्षा बिया बिज्या:गु दु । छक: कोशल जुजु प्रशेनजीत बुद्धयाथाय् च्वना च्वंबले रानीया म्ह्याय् बूगु खँ न्यंक: वल । थ्व खँ न्यना: दु:ख ताय्का च्वंम्ह जुजुयात बुद्धं आज्ञा जुया बिज्यात 'महाराज, काय् स्वया: नं म्ह्याय् भिंम्ह, बुद्धि दुम्ह, सुशीलम्ह जुइफु । कायृनं यायेफै म्ह्यायनं याये फै मखु धैगु जुइ मखु । थ-थ:गु थासय् थ-थ:गु भूमिका दै ।' समाजय सुख शान्तिं म्वायेगु निम्तिं मिस्तयेगुनं उलिहे ल्हा: दैगु जूगुलिं मिसा-मिजं समानतायानं उलिहे आवश्यक जू । गुकिया निम्तिं बुद्धं ब्राह्मण तयेगु सिद्धान्तयात, उगु ईया समाजयात चुनौति बिया बिज्यात । थ्वनं छगु सामाजिक क्रान्तिहे ख: ।

## धर्मया नामय् विकृति :

धर्मया नामय् निर्दोष प्राणीतयृत बलि बीगुली पशुतयेत जक मखु मनूतयृत नापं बलि ब्यू धैगु खँ छुं दँ न्ह्य: तक्कनं भारतय् जूगु घटनां स्पष्ट जू । न्हापा याइगु यज्ञत मध्ये अश्वमेघ यज्ञ, नरमेघ यज्ञया नांनं न्यना तैगु ख: । मनूत चेतनशील प्राणि धका: मानय् याना च्वना । यदि चेतना दुपिं मनूतहे ख: धैगु जूसा थ:त गथे स्याइगु ख: मेपिन्तनं अथेहे स्याइ धैगु गथे मसिल ? भ्कीगु दे दुने न्ह्याथें त:धंगु अपराध या:सानं मृत्यु दण्ड मबीगु शान्ति क्षेत्र नेपालय् शान्तिया निम्तिं इश्वरयात बलि बीगु नामय् मचायेक हिंसा पाखे घ्वाना च्वंगु आभास प्याहाँ व: । तसकं पायृछि मजूगु ज्या ख: थ्व । सुइगुंनं हिंसा यायेगु धैगु अपराधहे ख: तर सरकारी स्तरं निसें थजा:गु अपराध जुयाच्वंगु दु । गथेकि- मोहनी बलय् कोतय् मे पालेगु, नव नियुक्त प्रधान मन्त्री निवासय् द्वाहाँ वनेत हाकुम्ह दुगु स्याये मा:गु, बायुयान, ट्रक, बस, कार, मेसिन आदि थासय् बलि बीगु, खोकनाय् म्वा: म्वाकं च्वलेचा पुखुली वां छ्वया: ल्याय्म्ह तयृसं वांन्याना सातुजक साला: स्याइगु, गुर्जुधारां भचाच्वय् मातातीर्थ वनेगु लँपुं बाया वना: किसि पुखू धा:थायृनं म्वा:म्वाकं खाया छ्वयों चफुना: पुखुली वां छ्वया: ल्याय्म्ह तयेत मायृके बी । सुनां माला हल वयात अनया द्वारें छुं छगू सिरपा: बीगु जुया च्वन । थजा:गु खँत दुवाला स्वयेबलय् न्हापा न्हापाया जमिन्दारतय् न्ह्यैपुकेगु निम्तिं थ्व तमासा दयेका त:गु ख: धैगु खँ सीदु । तर विदम्बनाया खँ थ्वहे भ्कीगु संस्कृति जुया बिल । लुति अजिमाया न्ह्योने म्वा: म्वाकं चखुँ, बखुँ, ताहा आदि ज्व: ज्व: होमय् दुइगु, द्यो प्याखनय् मे भोग बीगु धका: म्वा: म्वाकं ग:किया: हि त्वनीगु आदि थें जा:गु चलन आतकनं चलय् जुयाच्वंगु दनि । गुलि दयनिय खँ, मनूत चेतनशील जुया:नं चेतना हीन व क्वह्यंगु ज्या यानाच्वंगु दु । बुद्धया सिद्धान्त विपरित ज्या यानाच्वंगु दु । थजा:गु समाजया निम्तिं बुद्धया शिक्षा प्रचारय् हया: जागरण हयेमा:गु दु । गथे थौं- कन्हय् युवा बौद्ध समूह नापं मे-मेगु बौद्ध संघ संस्था तयृसंनं यानावया च्वंगु दु ।

"बुद्धं यज्ञ (बलिकर्म) य् बिश्वास यायेगुनं अधर्म ख: धका: धया बिज्या:गु दु । थुकथं बुद्धं यज्ञयात धर्मया अंग मानय् यायेगु पक्षय् मदुगु हुनिं वसपोल नाप विवाद या:व:पिं ब्राह्मण तयेत वसपोलं सम्भ्के याना बिज्या:गु ख: । थ्व बारे कुटदन्त, उज्जय व उदायी धयापिं स्वम्ह ब्राह्मण पिसं बुद्धनाप वाद विवाद या:व:गु खँ कनात:गु दु । थ्व स्वम्ह मध्ये कुटदन्त धयाम्ह ब्राह्मनं न्यंगु छगू न्ह्यस:या लिसलय् बुद्धं आज्ञा जुया बिज्यात- हे ब्राह्मण, यदि श्रद्धा युक्त चितं (१) जीव हत्या पाखें......... (२) खुया कायेगु पाखें........ (३) कामभोग सम्बन्धि मिथ्याचार पाखें .......... (४) मखुगु खँ ल्हायेगु पाखें.........व (५) अयला: थ्वँ आदि कायेय:गु वस्तु पाखें तापाना च्वनेगु संकल्प याइ अजा:गु संकल्प छगू थजा:गु यज्ञ जूवनी गुकें याइगु खं स्वयानं भिंगु खँ अप्व: प्याहाँ वै ।.........थुलि खँ न्यना: कुटदन्त ब्राम्हणया बुद्ध

प्रति श्रद्धा वन, वसपोलया धर्म प्रति श्रद्धा वन।" ध्व खँ डा. आम्बेडकरं च्वयात:गु ललित रत्न शाक्यजुं अनुवाद याना दीगु भगवान बुद्ध र उहँको धर्म धा:गु सफुती च्वयात:गु ख: ।

**इश्वर प्रतिया अन्ध विश्वास :**

भीत छुं दु:ख जुल धा:सा, ल्वचं कयाच्वन धा:सा, छुं याये मालधा:सा जोशी क्यंवनेगु, जात:क्यंवनेगु, द्यो वय्कीपिं क्यंवनेगु। अले इमिसं धया है ध्व ध्व द्य:या दोष दु, गनं पुई हाय् माल, गनं ग्वंग: स्याये माल, गनं पञ्चबलि बिया: पुज्याय् माल आदि । गुलि अन्ध विश्वासय् दुना च्वंगु दु ! गथे मसिल ध्व द्य:त धा:पिं फुक्क कल्पना याना: दय्का त:पिं जक ख:, सुनां खंगु दु ? यदि भीसं फ्वनेवं द्यवं पुरेयाना बीगु ख:सा उलिमछि दु:खसिया: मेहनत यानाच्वने मा:गु हे छाये ? ध्व हे इश्वर प्रतिया अन्धभक्तिया हुनिं याना: गुलि मनूत मत्येवं मदया वन विचा: मदु। थजा:गु हे अन्धविश्वासं याना: कु-संस्कार, कुरिति दयाच्वंगु ख: । ध्व फुक्क जुयाच्वंगु 'सुख दु:खया मूहुनि इश्वर ख:' धाइपिं इश्वर वादि तयेगु खँ ख: ।

भगवान बुद्ध र उहाँको धर्म धा:गु सफुती धयात:गु दु- "तथागतया मिखाय् इश्वरय् विश्वास यायेगु यक्वहे ग्यानापुगु खँ ख: । छाय्धा:सां इश्वरय् विश्वास यायेगु धैगु प्रार्थना व पूजाया महिमाय् विश्वास अप्वय्केगु ख: । पूजा पाठ यायेमा:गु आवश्यकतां पादरी पुरोहित वाद जन्म जुल । पुरोहितया चलाखि न्ह्यपुं थपाय्धंगु अन्धविश्वासया जन्म जुल । थुकिं याना: सम्यक् दृष्टिया विकासक्रमयात ध्वस्त याना बिल ।" अथेहे बुद्ध शिक्षाको क्रान्तिकारि पक्ष धा:गु च्वसुइ धयात:गु दु- "इश्वर व इश्वर" बियात:गु ग्रन्थया नामय् मिखा तिसिना: मानय् यायेमा:गु इश्वर आस्था वारे बुद्धं थुलितक्क धयाबिज्या:गु दुकि-"इश्वर दु धका, इश्वर प्राप्त यायेत स्वयेगु धैगुला चित्रकलाया मिसा खना: मतिना यायेगु वँय्सू जक ख:, गुगु धाथें दुगु मखु, प्राप्त जुइगु मखु।"

ध्व स्वया: मू खँला बुद्धं 'अत्ताहि अत्तनो नाथो' थ:हे थ:म्ह नाथ ख:, थ:स्वया: च्वये मेपिं मदु धका: मनूतय् नुगलय् इश्वर प्रतिया गुगु छाप लानाच्वंगु ख:, गुगु अन्धविश्वास दुगु ख:, वयात मदय्केगु निम्तिं स्वतन्त्र चिन्तन याके बिया: सुइगुं अधिनय् मच्वंसे थ:गु विचा:शक्ति यात च्वन्ह्याकेगु ज्याय् तिव: बिया बिज्यात ।

थुकथं छखे समाजय् चलय् जुयाच्वंगु कुरीति, अन्ध विश्वास व जातिय भेदभाव आदि दुसा मेखे मनूतयेगु वैमनश्यता, दुर्भावना आदिथें जा:गु विकारं जानाच्वंगुलिं याना: मनूत थुखेपाखे लिकुनाच्वंगु ख: । खय्तला व इलय् विगविगि जुयाच्वंगु बलि प्रथा, जाति भेद लिङ्गभेद, इश्वर प्रतिया अन्धविश्वास आदिथें जा:गुलिं क्वचिना त:गु ख: । मनूतय्के दयाच्वंगु वहे अन्ध विश्वास, कट्टरवाद, अन्धपरम्परा, पुरोहितबाद व मेपिन्त धोखाबीगु थें जा:गु अन्धकारमय युगय् बुद्ध छम्ह व इलं निसें जहाँ थीगु तिमिला जुया: शान्तिया ज: जुया च्वंगु ख: । बुद्धया गुलिनं बिरोधित दुगु ख: इमिसं धर्मयात साक्षात्कार मयासे कल्पना व अन्धविश्वासय् लाना च्वंगुलिं धर्मयात मथुया: अज्ञानतावस् विरोध यानाच्वंगु जक ख: धैगु खँ विभिन्न बौद्ध साहित्यत ब्वने बलय् सीदु ।

ईया सामाजिक अवस्था थजा:गुकि समाजय् गुगु धारणा चले जुयाच्वंगु ख: उके छुं हे न्हूगु धारणां थाय् काये फैमखु अजा:गु इलय् बुद्धं साधारण मनूतयेत जक मखु धार्मिक नेता तयेगु विचा:हे हीका बीगु गुगु ज्या जूगु ख: उकियात सुनानं च्वमछासे च्वने फै मखु। थौं कन्हय् भीथाय् गुगु बलि प्रथा, अन्ध विश्वास, जातिय भेदभाव खनेदयाच्वंगु दु ध्व ठीक मखु धैगु खँ सीके मा: चाय्केमा: भीसंनं बुद्धंथें थ:गु कर्तव्य पालन यायेगु इवलय् अनेकथं पंग: व थाकुगु पन वल धका: निराश मजुसे मनयात क्वातुका: न्ह्यज्याये फय्केमा: । अले जक भीसं थ:त बौद्ध धका: धाये फै । बुद्धं क्यना बिज्या:गु लँय् न्ह्यज्याय् फ:सा जक धाथें बुद्धयात म्हस्यूगु जुइ। अले जक भी सकसिंगु मंगल जुइ। अस्तु !

"भवतु सब्ब मंगलं"

*ग्वाहालि कयागु सफूत–*

(१) भगवान बुद्ध र उहाँको धर्म–डा. भीमराव रामजी आंवेडकर–अनु.ललित रत्न शाक्य

(२) चारुमती भ्वाइस–स. कोण्डन्य संघाराम

(३) बुद्धकालीन ब्राह्मण - आचार्य भिक्षु अमृतानन्द



Downloaded from http://www.dhamma.digital

# भगवान बुद्ध एक महान सामाजिक क्रान्तिकारी

**श्यामलाल चित्रकार**–*तृतीय स्थान*

सत्ता परिवर्तनको लागि गरिने राजनैतिक क्रान्ति वाहेक अरु जुनसुकै दृष्टिकोणबाट पनि भगवान बुद्धलाई एक महान क्रान्तिकारी भन्न सकिन्छ । उहाँ महान क्रान्तिकारी मात्र होइनन् । उहाँलाई अनुत्तर, अनुपम, बेजोड क्रान्तिकारी पनि भन्नु पर्छ । उहाँले गर्नु भएको सोधकार्यबाट प्रतिपादित शुद्ध धर्म, उहाँको व्यक्तित्व उहाँको जस्तो निस्वार्थता, उहाँको जतिको करुणा, उहाँको जस्तो नेतृत्व शक्तिको तुलनामा वहाँ बराबर अरु कुनै व्यक्ति छैन ।

भगवान बुद्धको समयमा त्यहाँको समाजमा ब्राह्मण धर्मको प्रचलन थियो । ब्राह्मणवाद अन्तर्गतको गलत मान्यताहरू र कुरीतिहरू भगवान बुद्धलाई मान्य थिएन । आत्माको मोक्ष प्राप्तिको उद्देश्यको लागि र धर्मको नाममा खर्चिलो झण्झटीलो, हिंसामय, अधार्मिक कर्म काण्डहरू हुने सामाजिक सुव्यवस्थाको निहुँमा मानिस मानिसमा असमानता र शोषण व्याप्त थियो । ब्राह्मणवादको यो मिथ्यादृष्टि र थोत्रो कर्मकाण्ड विरुद्ध भगवान बुद्धले जोडदार आवाज उठाउनु भयो ।

ब्राह्मण धर्मको मुख्य आधार वेद र अन्य ब्राह्मण ग्रन्थहरू हुन् । वेदलाई भ्रमरहित पवित्र ग्रन्थ मान्थे । वेदमा लेखिएका कुराहरूलाई विरोध गर्नु हुँन्दैनथ्यो र अक्षरस पालन गर्नु पर्दथ्यो । यो मान्यताले मानिसको चिन्तन शक्तिलाई कुठाराघाट हुन्छ र विचार स्वतन्त्रमा हनन हुन्छ । मानव समाजको विकासको निमित्त विचार स्वतन्त्रता एक अति आवश्यक तत्व हो । गौतम बुद्ध विचार स्वतन्त्रताको पक्षपाती हुनुहुन्छ । अन्य मतमतान्तरका गुरुहरूले आफुले भनेका कुरा सत्य हुन र यस्लाई विश्वास गर्नु पर्छ अन्यथा विचार गर्न पाइँदैन भनी आफ्ना शिष्यहरूलाई आफ्नो विचार थोपर्दथे । तर भगवान बुद्धले महापरिनिर्वाणको वेलामा भिक्षुहरूको विनय आवश्यकता अनुसार परिवर्तन गर्दै लैजान सकिने स्वतन्त्रता दिएर जानुभयो ।

एक समय भगवान बुद्ध कालामहरूको केशपुत्र गाउँमा पुग्नु भयो । त्यहाँ कालामहरूले कुन धर्म सत्य कुन धर्म झुठा बारे प्रश्न गर्दा भगवान बुद्धले भन्नु भयो- जस्ले जे सुकै धर्मका कुराहरू गर्दा पनि सुनारले सुनलाई घोटेर पोलेर जाँचे जस्तो आफ्नो दिमागले त्यो कुरालाई जाँची बुझी हेर्दा कल्याणकारी छ भने मात्र ग्रहण गर्नु । तिनीहरूले दिने उपदेश (१) कहिल्यै नसुनेको (२) हाम्रो परम्परा सँग मिल्ने (३) पहिले देखि यस्तै भनि राखेको (४) हाम्रो धर्म ग्रन्थसंग मिल्ने (५) वडो तर्कयुक्त (६) न्याय संगत (७) उपदेशको आकारप्रकार ठिक (८) हाम्रो विचार संग मिल्ने (९) उपदेश सुनाउने मानिस राम्रो (१०) उपदेशक हाम्रो पूज्य गुरु भएतापनि मान्नु आवश्यक छैन ।

भगवान बुद्धको एउटा अर्को क्रान्तिकारी कदम हो उहाँले तत्कालिन समाजमा व्याप्त शोषण र असमानताको विरुद्धमा समानताको विगुल बजाउनु भयो । वेदहरूमा सवभन्दा पुरानो ऋग्वेदमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार वर्णको व्यवस्था गरिएको छ । अधिकार, सुविधा र वृत्तिविभाजन पनि वर्ण अनुसार भगवान बुद्धको आफ्नो अतुलनीय वैक्तित्वबाट त्यसताका प्रशिद्ध ब्राह्मणहरूलाई शुद्ध धर्म सम्झाई बुझाई समानताको पाठ सिकाउनु भयो । उपाली नाउ, सुनित च्यामे, चाण्डालको छोरा सोपाक जस्ता तल्लो जातका शुद्रहरूलाई समेत प्रव्रजित गरी भिक्षु संघमा सम्मिलित गराए । जुन जातिको व्यक्ति प्रवजित भए पनि भिक्षुसंघमा सवै समान हुन्छन् । भिक्षुसंघको विनय भगवान बुद्धलाई समेत लागु हुन्छ । त्यस समय भिक्षुसंघ एउटा क्रान्तिकारी संस्था हो र समाजलाई उदाहरणको रूपमा प्रस्तुत भए । एक समय भगवान बुद्धले वसल सूत्रमा भन्नु हुन्छ :-

**न जच्चा वसलो होति, नजच्चा होति ब्राह्मणो ।**
**कम्मुना वसलो होति, कम्मुना होति ब्राह्मणो ॥**

अर्थ- न जन्मले चण्डाल हुन्छ, न जन्मले ब्राह्मण हुन्छ कर्मले चण्डाल हुन्छ, कर्मले नै ब्राह्मण हुन्छ ।

साथै अनाथपिण्डिकोवाद सूत्रमा भगवान बुद्ध भन्नु हुन्छ–

**कम्मं विज्जा च धम्मो च, सीलं जीवित मुत्तमं ।**
**एतेन मच्चा सुज्झन्ति, न गोत्तेन धनेन वा ॥**

अर्थ- कर्मले, विद्याले, धर्मले, शीलले र उत्तम जीवनले यो कर्मले मानिस शुद्ध हुन्छ र जीवन मुक्त हुन्छ, नकी गोत्र वा धनले ।

बुद्धको जमानामा (अहिले पनि नभएको होइन । नदीमा नुहाइनाले पाप पखालिन्छ र यज्ञ होम गरेमा मोक्ष प्राप्ति हुन्छ भन्ने कुरामा विश्वास राख्दथे । यज्ञमा सयौं पशुहरूलाई वली चढाइन्थ्यो । पशुलाई वली चढाएर देवता प्रशन्न हुन्छ र आफुलाई फाइदा हुन्छ भन्नु सरासर गलत धारणा हो । भगवान बुद्धले यसप्रकारको अनिष्ट कर्महरू गर्नबाट धेरैलाई बचाउनु भयो र तिनीहरूलाई शील, समाधि र प्रज्ञाको शुद्ध धर्म मार्गमा प्रतिस्थापित गरी उद्धार गर्नु भयो ।

भगवान बुद्धको समयमा एक दिन अनाथपिण्डकको दासी पुर्णा भगवान बुद्धको सम्पर्कमा आए र निर्वाणको प्रथम साक्षात्कार गरी स्रोतापन्न भए । एक दिन उनले एउटा ब्राह्मण नदीमा बराबर दुब्की लगाइरहेको देखे र उनले त्यो ब्राह्मणलाई सोधे–"किन नदीमा वरावर दुब्की लगाई रहनु भएको ?" त्यो ब्राह्मणले जवाफ दिए–"मैले गरेको पापहरू नदीको पानीबाट पखालिरहेको" यस्तो गलत विचार सुनेर पुर्णाले त्यो ब्राह्मणलाई सम्झाए–'यदि दिनमा एक दुइ चोटी नदीमा नुहाएर पापबाट मुक्त भई धर्मात्मा हुने भए सधैं नदी भित्रै रहने माछा, कछुवा, गोही आदीले कति पूण्य कमाए होला" । यो उपदेश सुनेर त्यो ब्राह्मणहरू शुद्ध चित्त भएका मानिस बने ।

भगवान बुद्धको समयमा मगधदेशमा तीन भाई प्रमावशाली जटिल सन्यासीहरू वस्दथे । क्रमश: पाँच सय, तीन सय, र दुई सय शिष्यहरू भएका ती उरुवेल काश्यप नदी काश्यप र गया काश्यप सँधै होम गरी अग्नी पूजामा लागि रहन्थे । यस प्रकार गलत कर्मकाण्डमा अल्झेका ती सन्यासीहरूलाई भगवान बुद्धले शुद्ध धर्म सम्झाइ सही मार्गमा ल्याए । तिनीहरूले आ-आफ्नो जटा, दाढी, जुङ्गा खौरेर होमको सबै सामानहरू निरंजना नदीमा वगाएर तिनीहरू सबै भगवानको अनुयायी वने । त्यत्रो जमातको विचार परिवर्तन गर्नु लरतरो काम होइन । भगवान बुद्ध एक महान क्रान्तिकारी हुनुहुन्थ्यो र उहाँको सम्पर्कमा आए जतिलाई प्रभावित पार्न सक्नु भयो ।

भगवान बुद्धले हुन लागेको धेरै हिंसामय यज्ञ हुन दिनु भएन । कोशल नरेश प्रसेनजीत तथा कुटदन्त ब्राह्मण, गग्दतशरीर ब्राह्मण जस्ता धेरै ब्राह्मणहरूलाई हिंसामय यज्ञको दुश्कर्मबाट भगवान बुद्धले वचाउनु भयो । हिंसायज्ञ नभएको तर दान यज्ञ नसंगालिएको खाली कर्मकाण्डको रूपमा गरिएको आमिष यज्ञलाई भगवान बुद्धले प्रशंसा गर्नु हुन्न । उहाँ भन्नु हुन्छ-"शील सदाचारमा रही समाधिमा वसी सम्यक दृष्टि र सम्यक संकल्प सहित जीवन यापन गर्नु नै उत्तम यज्ञ हो" ।

यस धर्म यज्ञलाई भगवान बुद्धले प्रशंसा गर्नु हुन्छ । यही धर्म यज्ञलाई जीवनभर प्रचार प्रसार गरी एउटा क्रान्तिकारीले गर्ने निष्कपट, निष्कलंक, लोक कल्याणकारी कार्य भगवान बुद्धले गरेर जानु भयो । यस मानेमा पनि भगवान बुद्धलाई एक महान सामाजिक क्रान्तिकारी भन्न सकिन्छ ।

कनिकुटी गरी लेखिएको उपरोक्त उदाहरणहरू सुर्यको अगाडी जुनकीरी जतिको पनि छैन । अप्पमाणो बुद्धो अप्पमाणो धम्मो । भगवान बुद्धको गुण अप्रमाणित छ र उहाँको धर्म पनि अप्रमाणित छ । बौद्ध ग्रन्थ त्रिपिटक अमीत प्रमाण हो र सारा बौद्ध साहित्य साक्षी छ की भगवान बुद्ध एक महान सामाजिक क्रान्तिकारी हुन् । अहिले भगवान बुद्ध हुनु हुन्न । तर उहाँको उपदेशहरू नै हाम्रो नेता हो । उहाँको अगुवाईमा विश्व समुदाय रहे सम्म विश्वमा शान्ति रहिरहन्छ र मानव मात्रको कल्याण हुन्छ ।

अस्तु ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद–१३३

*✍ रीना तुलाधर*
*"परियत्ति सद्धम्म कोविद"*

**सुकरानि असाधूनि-अत्तनो अहितानि च**
**यं वे हितञ्च साधुञ्च-तं वे परमं दुक्करं**

**अर्थ–** आफूलाई अहित हुने खराब काम गर्न सजिलो छ, तर आफूलाई हित हुने असल, उत्तम काम गर्न ज्यादै गाह्रो छ ।

**घटना–** उपरोक्त गाथा भगवान बुद्धले वेणुवन विहारमा बास गरीरहनु भएको बेला संघभेद गर्ने देवदत्तको कारणमा भन्नु भएको थियो ।

एक समय भगवान बुद्धले वेणुवनमा धर्म देशना गरीरहनु भएको बेला देवदत्तले आएर भगवान बुद्धको सामू एउटा प्रस्ताव राखे कि भगवान बुद्ध उमेरमा वृद्ध भई सक्नु भएकोले संघको नियम सम्बन्धि जिम्मा देवदत्तलाई दिए हुन्छ । भगवान बुद्धले उनको प्रस्ताव अस्वीकार गर्नु भयो र उसलाई हप्काउनु पनि भयो । त्यस समय देखि देवदत्तले बुद्ध माथि ईख गरेर विरोधि भएर निस्क्यो । तीन पटकसम्म त भगवान बुद्धलाई मार्ने प्रयत्न गऱ्यो, तर विफल भयो । एकदिन देवदत्तले अर्के एउटा निहुँ बनाए । देवदत्तले भगवान बुद्धकहाँ आएर भिक्षुहरूले पाँचवटा नियमहरू पालना गर्न अनिवार्य हुनुपर्छ भनी नियम बनाउनु पऱ्यो भनी प्रस्ताव राखे । देवदत्तले प्रस्ताव राखेका पाँचवटा नियमहरू यसप्रकार थिए- (१) भिक्षुहरू जंगलमै बस्नु पर्छ (२) भिक्षुहरूले भिक्षा मागेर मात्रै खानुपर्छ । (३) फोहरको डुंग्रोबाट उठाएर ल्याएको टुक्रा कपडाहरू जोडेर मात्रै चीवर लगाउनु पर्छ । (४) भिक्षुहरूले रुखमुनि मात्रै बास गर्नुपर्छ (५) भिक्षुहरूले माछा मासू खानु हुन्न ।

भगवान बुद्धले यी नियमहरूको विरोध गर्नु भएन । जसले चाहन्छ र सक्छ त्यसले यी नियमहरू पालना गरे हुन्छ । तर कतिपय जायज कारणले गर्दा भगवान बुद्ध यी नियमहरू सबै भिक्षुहरूलाई अनिवार्य रूपमा पालना गर्नुपर्छ भनी नियम लाड्न तयार हुनु भएन ।

देवदत्तले दावा गर्दै हिँडे कि भगवान बुद्धले बनाई राखेका नियमहरूभन्दा त यी नियमहरू अति उच्च स्तरको छ । एकदिन भगवान बुद्धले देवदत्तलाई बोलाएर भन्नु भयो–"के तिमी संघमा भेद ल्याउन प्रयास गर्दैछौ ?" देवदत्तले "हो' भनेर जवाफ दियो । भगवान बुद्धले चेतावनी दिँदै भन्नुभयो–"यसो गऱ्यौ भने महापाप हुनेछ ।" तर देवदत्तले भगवान बुद्धको चेतावनीलाई रतिभर महत्व दिएन ।

एकदिन राजगृहमा भिक्षाटन गरिरहेको बेला भिक्षु आनन्दलाई भेट्दा खेरि देवदत्तले भिक्षु आनन्दलाई भने"आनन्द । अवदेखि म अलग्गै तथागतको संघबाट अर्कै संघको बिचमा बसेर उपोसथ गर्नेछु । बुद्ध र बुद्धको संघको अलग्गै नियमहरू पालना गर्नेवाला छु ।" भिक्षाटनबाट फर्केर आएपछि आनन्दले बुद्धकहाँ आएर उनले भिक्षाको समयमा देवदत्तलाई भेटेको र देवदत्तले भनेको कुरा सुनाउनु भयो ।

यो सुनेर बुद्धले भन्नुभयो- "देवदत्तले अत्यन्तै नराम्रो पाप गरेको छ । यस पापकर्मले गर्दा देवदत्त मरण पछि अविधी नरकमा पर्नेछ । एक धार्मिक व्यक्तिलाई असल वा कुशल कर्म गर्न सजिलो हुन्छ बरु अकुशल पाप गर्न गाह्रो हुन्छ तर एक अधार्मिक व्यक्तिलाई पाप कार्य गर्न सजिलो हुन्छ, पुण्य कार्य गर्न गाह्रो हुन्छ । साँच्चै नै जीवनमा, खराब र हानि हुने खालको कार्य गर्न सजिलो हुन्छ तर असल हितकारी, कल्याणकारी कार्य गर्न गाह्रो हुन्छ ।" यस्तो धर्म देशना दिँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो ।

साँच्चै नै उपोसथको दिनमा देवदत्त भगवान बुद्धको संघबाट नाता तोडेर संघ विच्छेद गरेर गए । उनको लहलहैमा लागेर अरू पाँचसय भिक्षुहरू पनि मूर्खतावश उनको पछि पछि लागे । उनीहरू गयाशीश भन्ने ठाउँमा गए । जे होस्, पछि बुद्धका प्रमुख शिष्यहरू सारिपुत्र र मौद्गल्यायन स्थविरहरू गयाशीशमा गएर त्यहाँ धर्म उपदेश दिँदा ती पाँचसय क्षिुहरूले आफ्नो गल्ती महशूश गरेर ती मध्ये अधिकांश सारिपुत्र र मौद्गल्यायन सँगै फर्केर बुद्धकहाँ आईपुगे । ■

(व्यङ्ग्य परिहास)

# हाम्रा बौद्धमान बा

✍ **विश्व शाक्य**, पोखरा

उहाँ हाम्रा बौद्धमान बा हुनुहुन्छ । जस्तो नाम उस्तै व्यक्तित्व । हुन त हाम्रो समाजमा दानबहादुर नाम गरेकाहरू महाचुईया, शेर बहादुर नाम गरेकाहरू महाछेरूवा र धर्म भक्त नाम भएकाहरू महाअधम नभएका पनि होईनन् । फेरि पनि बौद्धमान बा यथानाम तथा कामका व्यक्ति हुनुहन्छ ।

हाम्रो गाऊँमा बौद्धमान बा भने पछि सबैले चिन्दछन् । नून बोक्ने र बोकाउने काम देखि सुन बोक्ने र बोकाउने काम सबै उनीबाट सम्पन्न हुन्छ । त्यसैले उनी नामले मात्र होइन काम र माम सबैतिर सम्मानित र सम्पन्न छन् । सयको नोट ओल्टाइ पल्टाई हेर्ने गाउँलेहरू माझ उनी लाखौंका कारोवार गर्छन् । उनी नून बेच्छन्, सुन बेच्छन् । धर्म किन्छन् गुण बेच्छन् । किन्न भ्याएको सबै किन्छन् । तर, उनी गुण किन्न कहिल्यै सक्तैनन् किनकी उनले गुण चिन्नै सक्तैनन् । भदौमा आँखा फुटेको गोरुले जतातत्तै हरियो देख्ने भने झैं उनी जतातत्तै सुनै सुन मात्र देख्छन् ।

हाम्रा बौद्धमान बा सारै मनकारी व्यक्ति हुनुहन्छ । उहाँ अर्काको दु:ख देख्नै सक्नु हुन्न । उहाँले जीवनमा दु:ख भनेको भोग्नु भएकै छैन, त्यसो भएपछि अर्काको दु:ख देख्ने कुरै भएन । अर्काको साँझ विहान पूजा पाठ, ध्यान धर्ममा वित्छ उहाँको साँझ विहान सम्पत्ति ततेर्न र लतेर्न मै वित्छ । अनि दु:ख चिन्नु कहाँ ? दु:ख बुझ्नु कहाँ ?

बौद्धमान बा साँच्चिकै बौद्ध हुनुहुन्छ । खाटी बौद्ध हुनुहुन्छ । एक नम्वरको बौद्ध हुनुहुन्छ । उहाँको नामले नै उहाँ बौद्ध हुनुहुन्छ भन्ने स्पष्ट थाहा हुन्छ । हुन त मोमो, छ्वेला र ऐला बेच्नेहरूले आफ्नो पसलको नाम 'बुद्ध मोमो', 'सिद्धार्थ रेष्टुरेण्ट एण्ड बार' भनेर राख्ने गरेको नभेटिएको पनि होइन फेरिपनि हाम्रो बौद्धमान बा बौद्धमा मान जोडिएर हो कि क्या हो एक नम्वरी बौद्ध हुनुहन्छ । उहाँले थुप्रै मठ, मन्दिर, बौद्ध विहार गोम्वाहरूमा दान गर्नु भएको छ । यसको प्रमाण उहाँले दान गर्नु भएको मठ, मन्दिर, गोम्वाविहारहरूमा देख्न पाइन्छ । दान गरेको वस्तुको मूल्य भन्दा बढी पैसा खर्च गरेर उहाँले सिंगमरमरमा आफ्नो नाम कुँडाउनु भएको छ । यो उहाँको दानसिलताको अनुकरणीय उदाहरण हो ।

हाम्रा बौद्धमान बाले आफ्नो गोत्रिय भाइबन्धुहरूसँग मात्र नभएर घर गाउँले र विभिन्न संघ संस्थासँग चन्दा संकलन गरी एउटा समाजघर बनाउनु भएको छ। यसले गर्दा मर्दा पर्दामा मात्र होइन विहे, वर्तमन धर्म-कर्म जस्तो सामाजिक कामलाई धेरै सुविधा भएको छ । यस कार्यले बौद्धमान बाको सामाजिक प्रतिष्ठा युरिया मल हालको विरुवा झैं हर्लक्क बढेकौं छ । यसले गर्दा उनले त्यो समाजघर आफैले बनाएको भन्न पनि पछि परेका छैनन् । हुन त यहाँ कति मठ मन्दिर गुम्बा विहारहरू दान मागि मागि बनाएर आफैले बनाएको हो भन्नेहरूको कमी नै कहाँ छ र ? त्यसमाथि पनि बौद्धमान बा? उनी न धनले कमी थिए न मनैले कमी थिए कोहि भन्दा पछि नै किन पर्न परेको थियो र उनलाई ? यसरी हाम्रा बौद्धमान बाले हाम्रो गाऊँमा हात थापेर मागी मागी बनाएको समाजघर आफूले बनाएको भनेर सद्धर्मको संरक्षण र सम्वर्न्धमा ठूलो टेवा पुऱ्याएका छन् ।

हामीले सुनेका छौं भगवान् गौतम बुद्धले सम्वोधिज्ञान प्राप्त गर्नु भएपछि नमरिन्जेल दु:ख, अनित्य, अनात्म ज्ञान प्रचार गर्दै हिड्नु भएको कुरा । तर, हाम्रा बौद्धमान बालाई दु:ख के हो ? थाहा पाउन परेकै छैन । अनित्य के हो ? पत्तै छैन । अनात्म के हो ? झन चिल्लै । उहाँ थाहा पाइराख्न आवश्यक पनि सम्झनु हुन्न । किन भने राणाकालमा १ नम्वरी राणाझैं उहाँ जन्मजात बौद्ध हुनुहुन्छ । उहाँ जातैले बौद्ध, नामैले बौद्ध हुनुहुन्छ । जो नाम र जात दुवैले बौद्ध छ उसलाई नानाभाँतिका यी कुराहरू थाहा पाइराख्नुपर्ने किन ? जो जन्मैले बाहुन छ उसले जतिसुकै रक्सी धोकेर नालीमा लम्पसार परेपनि उ बाहुन नै हुन्छ भने अरूलाई नहुने किन ? यस्तो बौद्धमान बा को तर्क रहने गरेको छ ।

बौद्धमान बा कामलाई भन्दा नामलाई बढी जोड दिनु हुन्छ । उहाँ बारंबार भन्ने गर्नु हुन्छ–"बोल्नेको पीठो विक्छ नबोल्नेको चामल पनि विक्दैन ।' त्यसैले नामको खातिर चाहे धार्मिक अनुस्थान होस चाहे भोजभतेर उहाँ दशौंहजार खर्चगर्न पनि पछि पर्नु हुन्न ।' मौकामा हिरा पनि फोर्नु पर्छ' भन्नुहुन्छ उहाँ । तर आश्चर्य ! निर्वाण सुख प्राप्तीको लागि अपरिहार्य शील, समाधि र प्रज्ञा वारे चर्चा हुने र भएको ठाऊँ उहाँ भर



Downloaded from http://www.dhamma.digital

सक्के जाँदै जानु हुन्न, जानुनै भएछ भनेपनि उहाँ २ मिनटमै उँघ्न थाल्नु हुन्छ । त्यसैले उहाँ निर्धक्क सँग भन्ने गर्नु हुन्छ–"म विसौं वर्षदेखि मठ-मन्दिर, विहार गोम्बा धाइरहेको भएपनि धर्म प्रति चासो पनि छैन र श्रद्धा जाग्न पनि सकेको छैन ।"

यथानाम तथा काम-हाम्रो बौद्धमान बाको एउटा खासाको गुण छ । उहाँ रिसाउन भनेपछि जान्दै जान्नु हुन्न । उहाँ नामैले बौद्ध, जातैले बौद्ध रिसावस् पनि कसरी ? तर उहाँलाई एउटा कुरा औधी मन पर्दैन । त्यो हो आलोचना । बौद्धमान बाले जस्तोसुकै गल्ती गरेपनि अपराध गरेपनि गल्तीभयो, यसोगरिदिन भएन भन्न हुँदैन । उहाँलाई निकोलाग्दैन । उहाँबाट जस्तो सुकै गल्ती भएपनि, भूल भएपनि राम्रै भएको छ' । 'बैसै भएको ' भनिदिन पर्ने हुन्छ । अन्यथा उहाँको रक्तचाप प्रजातान्त्रिक सरकारले बढाएको तेलको भाउ झैं ह्वात्त बढ्छ । बढेपछि बढेको बढै घट्ने त नामै लिँदैन । त्यही भएर पनि बौद्धमान बा बेला बेलामा भन्ने गर्नु हुन्छ–"गल्ती भनेको कुरा मान्छेबाटै हुन्छ । गर्ने बाटै हुन्छ । मान्छेले गल्ती गऱ्यो, बदमासी गऱ्यो भन्दैमा मान्छेले आलोचना गर्नेपर्छ, कुराकाटी हाल्न पर्छ भन्नु छ र ? त्यो त व्यभिचारी भैहाल्यो नि !" हुन पनि हो ।' घोडा चढ्ने लड्छ' भन्ने आव्हान नै छ । काम गर्नेले गल्ती गर्छ । गल्ती भयो, गऱ्यो भनेर अरूले टाउको दुखाइरहन पर्नेत थिएन । कसैले दुखाइ हाले छ भने पनि गल्ती गर्नेले गल्ती महसूस गर्न सके त हुने हो तर इतिहासमा त्यस्तो कहाँ पाइएको छ र बौद्धमान बाले मात्र सहजरूपमा गल्ती स्वीकारोस् ।

हाम्रा बौद्धमान बालाई 'व्यक्ति व्यक्ति मिलेर घर बन्छ, घर घर मिलेर टोल समाज गाऊँ र देश बन्छ भन्ने सायद थाहा रहेन छ ! त्यसैले उहाँ जहिले पनि 'घर भित्रको कुरा' भन्नुहुन्छ । घर भित्रको कुरा बाहिर किन लेख्ने ? किन बोल्ने ? भन्नु हुन्छ । समाजमा, देशमा जतिपनि अनैतिक, भ्रष्टाचार, षडयन्त्र र अधर्मको काम भैरहेका छन् ती सबै घर भित्रै, कोठा भित्रै त भैरहेका छन् । खुल्ला चौरमा, खोलाको बगरमा कहाँ के भएका छन् ? खुल्ला चौर, खेत खलिहान हजम गर्ने काम समेत घर भित्रै, कोठा भित्रैबाट भैरहेका छन् भने तिनको बारेमा नलेख्ने ? नबोल्ने ? यो एउटा कुरा भने बौद्धमान बाको बुझ्नै सकिएको छैन । अरू त त्यस्तै हो ।

समग्रमा भन्नुपर्दा बौद्धमान बा हाम्रो गाउँ, समाज र धर्म सम्प्रदायको एकजना जीवित आदर्श हुनुहुन्छ । आस्थाको केन्द्रविन्दु हुनुहुन्छ । के धर्म-के अधर्म ? के राजनीति- के अर्थनीति सबैमा उहाँको एकछत्र योगदान रहेको छ । हाम्रा बौद्धमान बा जस्ता १०/२० सपुत अरू हुने हुन भने हाम्रो गाऊँ धर्म सम्प्रदाय तल र माथिमा मात्र नभएर दायाँ र वाँयामा पनि विकसित हुन कत्ति बेर लाग्ने थिएन । तर भनेर के हुन्छ ? यस्ता सपुतहरू सर्वत्र जन्मन्छन् नै कहाँ ? ■

# जागरण

✍ माधवी

बौद्ध महिला संघया ।
जुल जागरण थौं थन ॥
बौद्ध परियत्ति उज्वल यायृत ।
न्ह्यब्वात लिफः मस्वसे ॥
ब्लू स्टारे अभूत बौद्ध गोष्ठि जुल ।
थःथः पुचलं माक्क दुःख सिया अन ॥
एकसें एक साहासि जुया ।
तन मन धन खर्च याना ॥
जागरण यायत न्ह्यब्वात इपिं ।
गुलि साहासिपिं पुच मुना ॥
कार्य सम्बन्ध याना च्वन ।
निम्तोयात भन्तेगुरुमां पिन्त ॥
वथें हितैसि उपासक उपासिका पिन्तनं ।
थःथः विचा प्वंकल विभिन्न तालं अन ॥
विभिन्नतालं थःगु विचा प्रस्तुत यात ।
सकलया उद्देश्य छगूजक खसां ॥
विचार धारा फर्क फर्क जूवन ।
बौद्ध महिला पिंगु ग्वसाले ॥
अति मेहनत यागु ग्वासाले ।
सकलसिनं सफल यायगु स्वेमा ॥
थजापिं सहयोगी पासापिं मदया ।
बौद्ध परियति अस्थिर जुजुं वन ॥
सदां थज्योगु साहास वे मा ।
न्ह्याबलें बौद्ध परियति स्थीर यायत ॥
धन्यवाद दु महिला संघ परिवार पिन्त ।
अनन्त अप्रमाण साहास यागुलिं ॥

# बुद्ध शिक्षा र मानवता

✍ **अमित बि.क.**; *कक्षा : १०*
*गण्डकी आवसिय बोर्डिङ्ग स्कुल, पोखरा*

शायद मान्छेले नरूचाउने र सपनामा पनि देख्न नचाहने कुरा दु:ख नै होला । दुख भन्ने बित्तिकै मान्छे भयभित भएर टाढिन खोज्छ, यो यसको विशेषता भनौं या अवगुण । दु:ख पर्नासाथ मान्छे हडबडिन्छ, आतिन्छ र दु:ख निरोध गर्ने अनेकौं उपाय गर्छ तापनि विफल हुन्छ । मान्छेबाट दु:ख हटाउन निकै प्रयत्नहरू भए तर विफल नै भए । दु:खको समाधान गर्न मान्छेले के गरेन ? ईश्वरको श्रृजना पनि गऱ्यो । आफैलाई दु:ख दिन पनि पछि परेन; आँखा फुटाल्यो: मान्छेलाई वली चढायो; तर.........दुख जस्ताको तस्तै । दु:ख अडिग रह्यो ।

यस्तो द्विविधात्मक परिस्थितिमा आजभन्दा २६०० वर्ष अगाडि नेपाली हिमालयको काखमा कपिलबस्तुमा शान्तिका दूत महामानव गौतम बुद्धले सिद्धार्थ बनी माता मायादेवीको कोखबाट बैशाख पूर्णिमाका दिन चन्द्रमा झैं उदाए । उनी नै हुन् जसले मानव इतिहासमा मानवतालाई महानतातिर लैजान सबैभन्दा ठूलो योगदान दिएका महान धर्म पुरूष तथा ऐतिहासिक पुरुष २९ वर्षको उमेरमा सारा दरवार, राज्य, पत्नी, छोरा, सबै ऐश्वर्य त्यागेर प्रव्रजित भए । बुद्ध नै अनुपम त्यागका अद्वितिय नमूना होलान् । ६ वर्षको निरन्तर तपस्या, साधनामा लागि परेपछि बैशाख शुक्ल पक्ष पुर्णिमाकै दिन उनले बुद्धत्व प्राप्त गरी महामानव बुद्ध भए । मान्छेलाई किन रोग लाग्छ ? किन बुढो हुन्छ ? र किन मर्छ ? भन्ने कुरामा चिन्तित भएका सिद्धार्थले पूर्णिमाको दिन ज्ञानप्राप्त गरे जुन अत्यन्तै व्यवहारिक छ । उनका अर्ति उपदेश सबै मानव हितका लागि थिए । मानवताका सम्वन्धमा उनका बिचार, ज्ञान, अर्ति, उपदेश र आदर्श केन्द्रित भएकाले नै उनले स्थापना गरेको बुद्ध धर्मलाई दर्शनको मात्र पोको नभनेर मानव जीवन पद्धति कहलिन्छ । त्यतिखेर समाज अशान्तिले ग्रसित थियो र उनका अर्ति उपदेशले शान्ति कायम गर्न सफल भएकै थियो तापनि अहिलेको वर्तमान परिवेशमा हेर्ने हो भन्ने विश्वमा अशान्ति नै अशान्ति मच्चिएको छ, मानवतामा ह्रास आएको छ; युद्ध पनि भइराखेकै छ; मान्छेले मान्छेलाई अमानविय कार्य गरिदै छ । यस्तो बिषमपरिस्थितिमा बुद्ध धर्म; बुद्धशिक्षा अपरिहार्य छ ।

बुद्धका बारेमा ज्ञान दिनु, उनका उपदेश जनमानसमा पुऱ्याउनु र समाजलाई शान्तिको मार्गमा दोहऱ्याउनु नै बुद्ध शिक्षा बुझिन्छ । अहिलेको युग हेर्दा बुद्ध शिक्षाको निकै आवश्यकता महसुस भइराखेको छ । मानवताको संरक्षण गर्न र मानवले मानवको राम्रो पहिचान-परिभाषा दिन बुद्ध शिक्षाको खाँचो परेको कुरामा कसैको दुई मत नहोला ।

बुद्धले वास्तवमै मानव जीवनलाई सार्थक बनाउने अत्यन्तै सरल व्यवहारिक उपदेशहरू प्रतिपादन गरेका थिए । उनले मानव हितकालागि महत्वपूर्ण अर्ति दिएका छन् जस्को पालना गर्नाले मान्छे वास्तवमै मानव कहलिन्छ; विश्वमा शान्तिको दियो बलिरहन्छ र उनका विचार धारण र उपदेशले अनिमात्र ठूलो सम्मान पाउँदछ । बुद्धले मान्छेको दु:खको कारण पत्ता लगाए र उनले दु:ख हटाउने मार्ग पनि पहिल्याए । त्यसैले नै उनलाई 'तथागत' मानिएको हो ।

भारतको बुद्धगया भन्ने ठाउंमा ६ बर्ष अनवरत तपस्या गरेर पनि ज्ञान प्राप्त गर्न नसकेपछी आहार ग्रहण गरी मध्यम मार्गमा लागि आनापान सति (स्वास प्रस्वासलाई हेर्ने) ध्यानाभ्यास गरी पिण्डाचार गर्नुभयो । सुजाताले दान गरेको भोजन ग्रहण गरेपछी बैशाख पूर्णिमाका दिन वोधगयामा बोधिवृक्ष मुनि अधिष्ठान गरेर बसेपछि त्यही राती बोधिज्ञान प्राप्त गर्नु भयो र तयसपछि उहाँ बुद्ध हुनुभयो । उहाँले उक्त दिन प्राप्त गर्नु भएको ज्ञान निम्नप्रकार छन् ।

(१) दु:ख आर्यसत्य (=दु:ख)
(२) दु:ख समुदय आर्यसत्य (=दुखको कारण)
(३) दु:ख निरोध आर्यसत्य (=दु:खको निरोध)
(४) दु:ख निरोधगामिनी प्रतिपदा मार्ग आर्य सत्य (=दुखको अन्त्यगर्ने मार्ग)

बुद्धका अनुसार दु:खको मूल कारण नै तृष्णा हो । दु:ख सवैलाई पर्छ । दुखको अन्त्य पनि हुन्छ र अन्त्य गर्ने मार्ग पनि छ । अन्तिम अवस्थामा बुद्धले भनेका थिए "हे भिक्षुहरू ! संसार नाशवान छ । यहाँ जे जति छन् सवै दुखका कारक तत्व छन् । तिमीहरूले सदा सत्यको बाटो अपनाउनु पर्छ अनिमात्र दु:ख बिलिन हुन्छ ।" सारिपुत्र र मौदगल्यायन नै उहाँका दुई शिष्यहरू हुन् जस्ले उहाँका उपदेशलाई व्यापक रूपमा



Downloaded from http://www.dhamma.digital

प्रचार प्रसार गरेका थिए । बुद्धका अर्ति उपदेशहरू बौद्ध धर्म ग्रन्थ पालि त्रिपिटकमा संग्रहित छन् । बुद्धले दु:खको अन्त्य गर्न आठ मार्ग पनि देखाउनु भएको छ, त्यसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ । उहाँका आठ मार्ग नै मानवताको संरचना र आदर्शलाई सुरक्षित गर्न अति नै उपयुक्त छन् । उहाँका आठ मार्गहरू यस प्रकार छन्:–
१) सम्यक दृष्टि २) सम्यक संकल्प ३) सम्यक बचन
४) सम्यक कर्मान्त ५) सम्यक आजिविका
६) सम्यक ब्यायाम ७) सम्यक समाधि ८) सम्यक स्मृति

प्राणि हिंसा नगर्नु, चोरी नगर्नु (ठगी नगर्नु), ब्यभिचार नगर्नु झुठो नबोल्नु (चुकुली नलगाउनु, मिठो बचन बोल्नु), मदिरा (लागुपदार्थ) सेवन नगर्नु आदि जस्ता महत्वपूर्ण अर्ति उपदेश भगवान बुद्धका हुन् । यस्ता सरल र व्यवहारिक अर्ति उपदेशको पालना जुनसुकै धर्मावलम्बीले पनि गर्न सक्छ । उहाँका अर्ति उपदेशले मानवलाई मानवले गर्नुपर्ने कार्यको बोध गराउँछ, ठीक मार्गमा डोहऱ्याउँछ र मानवताको संरक्षण गर्न उत्प्रेरित गराउँदछ । उनका शिक्षा पञ्चशील, अष्टशील र दशशीलमा पनि उल्लेखित छन् । हरेक उपासक उपासीकाहरूले पञ्चशील, अष्टशील र श्रामणेरहरूले दशशील अनिवार्य रूपमा पालन गर्नुपर्दछ । भिक्षु, भिक्षुणीहरूले अरू बढी नियम पालन गर्नुपर्दछ ।

शान्तिका अग्रदुत, एशियाका तारा, नेपालका विभूति बुद्ध धर्मका प्रवर्तक भगवान गौतम बुद्धका बारेमा शिक्षा प्रदान गर्नु आजको अशान्तिग्रस्त विश्वको लागि अति आवश्यक छ । उनको बारेमा जति पनि प्रचार प्रसार भएका छन्, ति सवै सफल नै भएका छन् । विभिन्न धर्म-धर्म बिच भएको घमासान युद्ध; इजरायल र प्यालेस्टाइन बिचको आधा शताब्दीदेखिको युद्ध; चेचेनियामा भएको अशान्ति भारत-पाकिस्तान बिच कारगिलमा भएको युद्धलाई नियाल्दा संसारमा शान्ति छ भन्नु हाँस्यास्पद कुरा हो । बिश्वमा अझै पनि अशान्तिले जरो गाडेकै छ । प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्धको अन्त्य भए पनि संसार अशान्तले ग्रस्त भइ नै राखेको कुरा प्रत्यक्ष छ । नेपालकै सन्दर्भमा पनि माओवादीका नाममा भएका हिंसात्मक कार्य अवलोकन गर्दा त बुद्ध शिक्षाको अत्यन्तै आवश्यकता परेको महसुस हुन्छ । नेपालमा बुद्ध जन्मेर नेपालमा नै अशान्ति मच्चियो भने कस्तो हुन्छ ? तसर्थ चाहे नेपाल होस् चाहे भारत संसारको जुनसुकै कुनामा पनि बुद्ध शिक्षाको आवश्यकता महसुस भइरहेको छ । हालै संयूक्त राष्ट्र संघले सन् २०००लाई शान्ति बर्षको रुपमा मनाउने र बुद्ध जयन्तिको दिनमा अन्तराष्ट्रिय बिदा दिने घोषणा गरेर यसतर्फ राम्रो प्रयासको थालनी गरेको छ । यसमा पनि बुद्ध धर्म दर्शनको प्रचार प्रसार गरिनु पर्छ अनिमात्र मान्छेले आफ्नो कर्तव्य बोध गर्नेछ । अनिमात्र मानवताको चम्किलो जाज्वल्यमान अमर दियो संसारभर बलिरहनेछ । अझ पनि बुद्ध शिक्षाको कमी भइराखेकै छ । जे जति प्रयास भइराखेका छन्; ती सबै सन्तोषजनक नै देखिन्छन् । बौद्ध धर्म संवन्धी संघ संस्थाहरू खोलिनु पर्छ; पत्र पत्रिका प्रकाशन गरिनु पर्छ; विभिन्न प्रतियोगिताहरू आयोजना हुनु पर्छ; राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलन हुनुपर्छ अनि मात्र बुद्ध शिक्षालाई व्यापकता दिन सकिन्छ । अहिले जुन किसिमले यस धर्मको बिस्तार भइराखेको छ, त्यत्तिकै गतिमा बौद्ध धर्मको प्रचार हुने हो भने साँच्चैनै संसारमा शान्ति छाउँछ । मान्छेले हिंसालाई त्यागदथ्यो, मारकाट बन्द गर्दथ्यो; झूठो बौल्दैनथ्यो । अनि मानव भएर गर्नुपर्ने मानविय क्रियाकलापहरू गर्ने थियो । यसरी मानवता पुन मौलाउँथ्यो । मानवता फस्टिनु छ, चम्किनु छ भने यसको एक मात्र विकल्पनै बुद्ध शिक्षा हो । बुद्ध शिक्षा बहुआयामिक छ, ब्यावहारिक छ; कल्याणकारी छ: शान्तिप्रिय छ; बैज्ञानिक छ। यी नै बुद्ध (धर्म) शिक्षाका बिशेषताहरू हुन् । जब यस धर्तीमा बुद्ध शिक्षाले सुनौलो शान्तिप्रिय संसारको सृजना गर्छ तव बिश्व भातृत्वको भावना जनमानसमा प्रस्फुटन हुन्छ । अनि त्यसपछि मानवताले स्थान पाउँछ बिकसित हुन्छ ।

शान्तिका दूत गौतम बुद्धका बारेमा शिक्षा दिन बिभिन्न संघ संस्थाहरू जागरूक हुनुपर्छ । बुद्ध शिक्षाले नै मानवको कल्याण गर्ने, मानवलाई ठीक मार्गतिर दोऱ्याउने हुँदा यसको प्रचार प्रसार अपरिहार्य छ। बुद्ध शिक्षाले यस संसारमा शान्तिको किरण फैलाउनु छ अनि हर जन मानसमा बुद्धम शरणम् गच्छामीको ध्वनी गुञ्जाउनु छ ।

भवतु सब्ब मंगलम् !

***(युवा बौद्ध संघ पोखराको पाचौं बार्षिक उत्सवको उपलक्षमा भाद्र १८ गते आयोजित अन्तर मा.बि. बौद्ध निबन्ध प्रतियोगिता रनिङ्ग शिल्डमा प्रथम स्थान प्राप्त गर्न सफल निबन्ध श्रद्धेय भिक्षु श्रद्धानन्द ज्यूले आवश्यक संशोधन गर्नु भएपछीको प्रतिलिपि धर्मकीर्ति पत्रिकाको लागि ।)***

# ब्राह्मण : यथार्थ र परम्परा

✍ डा. शास्त्रदत्त पन्त

'बाहुन' संस्कृत शब्द 'ब्राह्मण'को नेपाली अपभ्रंश रूप हो । बाहुन शब्दलाई संस्कृत शब्द ब्राह्मणको अर्थमा नै नेपाली जनजिब्रोको शब्दको रूपमा स्वीकार्न सकिन्छ । आदर गरेर सम्बोधन गर्दा 'बाहुन बाजे' भनिने गरिन्छ ।

'ब्रह्म जानातीति ब्राह्मण:, अर्थात् जुन व्यक्तिमा ब्रह्म ज्ञान छ त्यसलाई ब्राह्मण भनिन्छ । ब्रह्मज्ञान भएको मानिसलाई विद्वान् भनिन्छ । विद्वान् व्यक्तिले जड र चेतना छुट्याउन सक्दछ । आफ्नो शरीर 'जड' हो र चेतना जड भन्दा भिन्न वस्तु हो । मैले धारण गरेको शरिर पनि मेरो होइन किनकि यो देह असङ्गत छ ।

विद्वान् अकर्ता हुन्छ, अभोक्ता हुन्छ, ऊ अहङकार विहीन हुन्छ । अहङ्कार, मोह, दया, माया, स्नेह, रिस, राग, ममत्व जस्ता वस्तु केवल अज्ञानी व्यक्तिमा मात्र हुन्छन् । यी कुरा जुन व्यक्तिमा विद्यमान हुन्छन् उनीहरू कर्तव्य धर्मभित्र बाँधिन्छन् । जुन व्यक्ति कर्तव्य धर्ममा बाँधिन्नन् उनीहरू विद्वान हुन सक्तैनन्, ज्ञानवान् बन्न सक्तैनन् । जुन ज्ञानवान् होइन त्यो ब्राह्मण पनि होइन । अत: त्यो मात्र ब्राह्मण हुनसक्तछ जसमा अकर्तृत्व धर्म विद्यमान हुन्छ । ब्राह्मण चैतन्य स्वरूप हुन्छ, अकर्ता हुन्छ तथा अभोक्ता हुन्छ

अज्ञानी मानिसहरूले ब्राह्मणलाई सांसारिक व्यवहारको कर्ताको रूपमा हेर्दछन् । त्यसो हुनु कर्ता हुनु हो, विज्ञ कर्ता हुन सक्तैन शरीरको कुनै पनि धर्म आत्मासित संलग्न हुँदैन भन्ने कुरा ब्राह्मणहरूले छर्लङ्ग बुझेका हुन्छन् । संसार मिथ्या हो । सूर्य, चन्द्र, वायु, आकाश, विश्व ब्रह्माण्ड सबै देखिने वस्तु नाशवान् हुन्छन् । सबै नाशवान् अस्थिर वस्तु हुन् । सबै अस्थिर जड हुन् । मायाको कारण सबै मोहित भएर 'सत्य' बुझ्नसकेका हुँदैनन् भन्ने आदि सबै कुराको यथार्थ ज्ञान ब्राह्मणलाई हुन्छ । जसलाई यस्तो ज्ञान छ त्यही मात्र ब्राह्मण हुनसक्दछ । एउटा व्यक्ति सूर्य उत्तरायण भएका बेला केन्द्रीय नापप्रणालीबाट निर्मित एउटा घरमा केही समय बसेर फर्केपछि उत्तरी ध्रुवमा प्रचण्ड गर्मी हुन्छ भन्दछ भने त्यो उसको अज्ञानता हो, त्यसलाई सही सुन्ने वा सही मान्ने पनि अज्ञानै हुन् । अत: ब्राह्मण अकर्ता, अभोक्ता हुन्छ । कतृत्व, भोक्तृत्व र देहादिक हुँदैन । अज्ञानी अविवेकी हुन्छ । अविवेकीले अनर्थ गर्दछ । अनर्थ गर्ने ब्राह्मण होइन । ब्राह्मणले त जीवन मरणसित पनि कुनै सम्बन्ध राख्दैन । उसले त केवल आत्मालाई मात्र देखेको जानेको हुन्छ । आत्मा न कहिल्यै जन्मन्छ न कहिल्यै मर्दछ ।

ब्राह्मणको अर्थ विद्वान् हो, ज्ञानी हो, परम तत्व ज्ञानी हो, ब्रह्मज्ञानी आत्मतत्व बुझेको हो । यस्तो बुझेका मानिस चैतन्य स्वरूप हुन्छ । यस्तो प्रबुद्ध व्यक्तिचाहिं 'समदर्शी' हुन्छ । कीरा-फट्याङ्ग्रा, पशुपंक्षी, रूख, वृक्ष अथवा माटो, ढुङ्गा र मानिस विशेषमा कुनै भेद नराख्ने, नातागोता, आफ्ना पराया भनेर नछुट्याउने व्यक्ति नै समदर्शी हुन्छ । उसका लागि एक किलो सुन, एक किलो चामल वा एक किलो बालुवामा कुनै भेद हुँदैन । ब्राह्मण समदर्शी हुन्छन् भन्नुको तात्पर्य के पनि हो भने उनीहरू सम्पूर्ण लोभबाट मुक्त हुन्छन् । लोभ मुक्त व्यक्ति नै ब्राह्मण हो ।

ब्राह्मण विद्वान् हुन्छ, सर्वविषयमा पारङ्गत हुन्छ, पण्डित हुन्छ । आत्मज्ञानी नभएको व्यक्ति पण्डित हुन सक्तैन पण्डितलाई कुनै पनि धनसम्पत्तिले लोलुप गराउन सक्तैन । पण्डित श्रेष्ठ कर्मको आचरण गर्ने, निन्दित कर्म नगर्ने र आस्तिक हुन्छ । पण्डितमा रिस, राग, द्रोह, प्रतिशोध, ईर्ष्या, डाह जस्ता प्रवृत्ति हुँदैनन् । उनलाई हर्ष, विस्मात, सुख, दु:खले कुनै फरक पार्दैन । जाडो, गर्मी, क्षय, प्रीति, समृद्धि, असमृद्धि जस्ता कुराले आँटिसोचेको कुरामा कुनै विघ्न पार्न सक्तैन । उनको विवेक धर्म अर्थमा चल्छ । पण्डितले कामवासना त्यागेर प्रयोजन मात्रका लागि उपभोग गर्दछन् । पण्डित कर्मयोगी हुन्छ, बिना काम खाली बस्दैनन् र कसैको कुनै पनि कामलाई घृणा वा तिरस्कार



Downloaded from http://www.dhamma.digital

गर्दैनन् । पण्डितले ध्यान दिएर अरूको कुरा सुन्दछन् र वास्तविक कुरा बुझेपछि मात्र आफ्नो विचार प्रस्तुत गर्दछन् । अरूको कार्यमा उसको सहमति नभईकन हस्तक्षेप गर्दैनन्, जाई पर्दैनन् । पण्डितहरूले अप्राप्य वस्तु वा आफूकहाँ नभएका कुरा पाउन न्याल चुहाउँदैनन् नाशवान वस्तुमा मोह राख्दैनन् । उनीहरू कुनै पनि विपत् आयो भनेर आत्तिदैनन् । ब्राह्मणले कुनै पनि कुरामा विचार नपुऱ्याई हात हाल्दैनन्, हात हालेपछि बीचमा अधुरो पनि छाड्दैनन् । समयलाई मूल्यवान ठान्दछन्, व्यर्थमा बर्बाद गर्दैनन् । आफ्ना इन्द्रियलाई बसमा राखेका हुन्छन्, इन्द्रियका बसमा भने कहिल्यै पर्दैनन् । यसरी ब्राह्मणले कल्याणकारी, परोपकारी तथा निष्काम सेवाभावले काम गर्दछन् । ब्राह्मणको आधार सात्विक हुन्छ, लवाइ सरल हुन्छ, बसाइ साधारण हुन्छ ।

ब्राह्मण कसैले सम्मान गऱ्यो वा चाकडी खुसामद गऱ्यो भनेर फुरुङग पनि पर्दैनन् तथा गरेन भनेर खिन्न पनि हुँदैनन् । उनीहरू समुद्रझैं अक्षुब्ध रहन्छन् । ब्राह्मणहरू समस्त भूत विषयतत्वका ज्ञाता, कर्मयुक्तिका ज्ञाता तथा मानवप्रयत्नका पनि ज्ञाता हुन्छन् । यही ज्ञानको कारण कुरा गर्न प्रवृत्त मात्र हुँदैनन्, क्षणक्षणमा नयाँ नयाँ रहस्यको पनि उद्घाटन गर्दछन् । यति ज्ञान भएर पनि उनीहरूमा ज्ञानको घमण्ड हुँदैन तथा सम्पन्न र विपन्न दुवै अवस्थामा समहुन्छन् ।

जुन व्यक्तिमा माथि उल्लिखित चरित्र विद्यमान हुन्छन् तिनीहरू नै ब्राह्मण हुन् । कुनै खास व्यक्तिको छोरा वा छोरी हुँदैमा वा कुनै विशेष कुलमा जन्म लिदैमा ब्राह्मण हुन सक्तैन । ब्राह्मण बी.ए., एम.ए., पीएच.डी. भनेजस्तै आर्जित वस्तु वंशज होइन । यो उसको चरित्र, ज्ञान, सीप एवं प्रवृत्तिसँग सम्बन्धित कुरा हो । हाम्रो वेद, पुराण, उपनिषद्, धर्म दर्शनले कुलको आधारमा ब्राह्मण, क्षेत्री वैश्य, शुद्रमा विभक्त गरेको होइन, कामको आधारमा विभक्त गरेको हो । हो, प्राय: चिकित्सकको छोरा चिकित्सक बन्दछ, प्रशासकको छोरा प्शासक बन्दछ, कुमालेको छोराले माटाका भाँडा बनाउँछ, सिकर्मीको छोराले काठको काम गर्दछ । जसरी कुमालेको छोरा बनाउने सीप हालि नगरी माटाका भाँडा बनाउन सक्तैन त्यस्तै गरेर ब्राह्मणको छोरो ब्राह्मण हुन पनि सम्पूर्ण ज्ञान, सीप, क्षमता हासिल गरेको हुनुपर्दछ ।

प्रशासकको छोरा प्रशासक नै बन्दछ वा बन्न पर्दछ भन्ने पनि छैन । कुमालेको छोरा चिकित्सक पनि बन्नसक्दछ । बाहुनको छोरा कपडा सिउने वा बाजा बजाउने दमाई पनि बन्नसक्दछ । यस अवस्थामा ऊ दमाई हुन्छ । छालाको काम गरे सार्की हुन्छ, काठको काम गरे चुनारो, फलामको काम गरे कामी हुन्छ । सेना वा प्रशासनिक काम गरेको अवस्थामा ऊ क्षेत्री हुन्छ । त्यस्तै ब्राह्मण हुनुपर्ने ज्ञान र चरित्रको विकास गर्ने सार्की, दमाई, कामी, बोटे, सबै जात ब्राह्मण बन्नसक्दछ । हाम्रो वर्ण विभेद कर्मको आधारमा बनेको हो, वंशको आधारमा होइन । नीच काम गर्ने पतीत ब्राह्मणसँग छोइएमा छोइछिटो (समाज वहिष्कृत, छुद्र प्रवृत्तिको पहिचान) कुनै फरक पर्दैन ।

अभक्ष वस्तु खाने, चरित्रहीन, अनैतिक काम गर्ने, मूढ, अज्ञान, लोभी, पक्षपाती, झुठो बोल्ने, ईर्ष्या, डाह, मोह भएको, इन्द्रिय संयम गर्ननसक्ने व्यक्ति ब्राह्मणको कुलको भए पनि ब्राह्मण हुँदैन, हुन सक्तैन । ऊ केवल छुद्र हो । सुद्र हो । सुद्रलाई पुरोहित, पण्डित, गुरु मानेर धर्म-दर्शनसित सम्बन्धित कर्मकाण्ड गराउनुभन्दा नगराउनु नै असल हुन्छ । आस्थावानले सिकेर, पढेर, जानेर स्वयं गर्नु नै बरू असल हुन्छ । कर्मअनुसार जात हुन्छ । कर्मअनुसार फल हुन्छ । वंशज केही हुँदैन । ऐतिहासिक कारणले गर्दा उक्त वंश विलोपन (जेनेरेसन ग्याप) बाट पर्न आएका व्यवधानलाई पन्छाएर मौलिक परम्परालाई अघि बढाउनुपर्ने आजको समयको माग हुनआउँछ । ■ *(साभार: स्पेश टाइम दैनिक)*

**NOT TO DO EVIL**

**पाप कर्म कहिल्यै नगर्नु**

**TO CULTIVATE MERIT**

**पुण्य [illegible] जानु**

**TO PURIFY ONE'S MIND.**

**आफ्नो (मन चित्तलाई) शुद्ध गर्नु**



*– This is the teaching of the Buddhas.*

*यहि नै बुद्धहरूको उपदेश हो ।*

### धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय कार्यक्रम

### पुरस्कार वितरण

२०५७ कार्तिक २६ गते । स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घ:, रिपोर्टर- श्यामलाल चित्रकार

यसदिन "भगवान बुद्ध एक सामाजिक क्रान्तिकारी" विषयमा सम्पन्न भएको लेखन प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने प्रतियोगीहरूलाई पुरस्कार प्रमाण पत्र र अन्य प्रतियोगीहरूलाई प्रमाण पत्र प्रदान गर्ने कार्यक्रम सम्पन्न भएको छ ।

प्रतियोगितामा ३ जवान (Judge) फैसला गर्ने व्यक्तिहरू यसरी रहनु भएका थिए- भिक्षु अश्वघोष महास्थविर, नविन चित्रकार र मदन रत्न मानन्धर ।

कार्यक्रमका प्रमुख अतिथि भिक्षु अश्वघोष महास्थविरले प्रतियोगीहरूलाई सुझाव दिनको लागि भगवान् बुद्धलाई एक क्रान्तिकारी सावित गर्ने विषय लेखमा उल्लेख हुनुपर्ने कुराको चर्चा गर्नुहुँदै भन्नुभयो - "जातीय असमानता र सामाजिक कुरीतिहरू विरुद्ध भगवान् बुद्धले बोल्नु भएको क्रान्तिकारी विचारहरूको अलावा मुख्य रूपमा चित्तलाई शुद्ध गरी आचरण राम्रो पार्नु पर्ने विषयमा दिनुभएको उपदेशहरूलाई विचार पुऱ्याउनु आवश्यक छ ।"

उक्त कार्यक्रममा धर्मकीर्ति विहारका अध्यक्ष धम्मवती गुरुमांले यस प्रकारको बौद्ध लेखनकला तालिम र लेख प्रतियोगिता कार्यक्रम संचालन भएकोमा खुशी व्यक्त गर्नुभयो। कार्यक्रम शुरू हुन अगाडि लेखन प्रतिभा विकास तालिमका संयोजक श्रीमती रीना तुलाधरले तालिमको उद्देश्य माथि प्रकाश पार्नुहुँदै कार्यक्रमको परिचय प्रस्तुत गर्नुभयो र लेखन प्रतियोगिताको नतीजा घोषणा गर्नुभयो । प्रतियोगीहरूलाई भिक्षु अश्वघोष महास्थविरले पुरस्कार तथा प्रमाण पत्र वितरण गर्नु भएको थियो ।

प्रतियोगिताका सहभागीहरूको नामावली यसरी रहेको छ–

(१) सुश्री तार डंगोल–प्रथम
(२) श्री राजा बज्राचार्य–द्वितीय
(३) श्री श्यामलाल चित्रकार–तृतीय
(४) सुश्री उमा मानन्धर (५) श्रीमती सुनीता शाक्य (६) श्रीमती विमला शाक्य (७) सुश्री रामेश्वरी महर्जन (८) सुश्री मन्दीरा महर्जन (९) श्रीमती सानुमैया महर्जन

पुरस्कार वितरण पछि पहिलो खण्डको कार्यक्रम समापन भएको थियो ।

दोश्रो खण्डको कार्यक्रममा श्री मदन रत्न मानन्धर र श्री नविन चित्रकारले भाषा, व्याकरण, शैली, सूचना इत्यादि विषयमा गहकिला सुझावहरू प्रस्तुत गर्नुभयो । प्रतियोगिताका सहभागीहरू मध्ये श्री श्यामलाल चित्रकार र राजा बज्राचार्यले यस प्रकारका तालिम र प्रतियोगिता कार्यक्रम साह्रै उपयोगी भएको र भविष्यमा पनि यस्तै कार्यक्रम संचालन गर्दै जानुपर्ने विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नुभयो । अन्त्यमा कार्यक्रम सफल पारिदिनु भएकोमा सहयोगी सबैलाई श्रीमती रीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभयो ।

पुरस्कार वितरण कार्यक्रममा प्रमाण पत्र राख्नका लागि श्रीमती रीना तुलाधरले तीनवटा चाँदीका फ्रेमहरू प्रदान गर्नुभई सहयोग गर्नुभएको थियो भने अन्य पुरस्कारहरू अनुपमा गुरुमांले प्रदान गर्नुभई सहयोग गर्नुभएको थियो ।

### प्रव्रज्या कार्यक्रम सम्पन्न

स्थान-गौतमी विहार, लुम्बिनी

धर्मकीर्ति, बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार को आयोजनामा वर्माका सयादो उ ज्ञाणिस्सरको उपाध्यायत्त्वमा नेपाली पुरुष तथा महिलाहरूका लागि उपसम्पदा र ऋषिनी प्रव्रज्या कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्यक्रम मंसिर ८ गते देखि १५ गते सम्म संचालन गरिएको थियो । यसको विस्तृत विवरण अर्को अंकमा प्रकाशित गरिनेछ ।



Downloaded from http://www.dhamma.digital

### काल नआई मर्दैन

*पेइजिङ–* जन्म र मृत्युको अन्तर सम्बन्ध अविभाज्यरुमा रहेको भए पनि यीमध्ये एकले अर्कोलाई हरबखत निषेध नै गर्न खोजिरहेको हुन्छ । त्यसैले जन्मसँग मृत्यु गाँसिएर प्राय: आउन मान्दैन, मृत्युको ठीक अगाडि जन्म पनि त्यति सजिलै संभव हुँदैन ।

चीनमा गत महिना यस्तै भयो । नौ महिनाको गर्भ बोकेकी एक कामदार महिलाले रेलको यात्रा गर्दागर्दै बच्चा जन्माइन् । रेलको शौचालयमा जन्माइएको उक्त नवजात छोरालाई उनले केहीबेर त्यहीं आरामले सुत्न दिने विचार गरिन् र सफा गरिएको शौचालयको प्वालमा सालनालैसमेत छोडिन् ।

त्यो नवजात शिशु उच्च गतिमा रहेको उक्त रेलको शौचालयको प्वालबाट अचानक तल खस्न पुग्यो । कहाँनेर झर्‍यो भन्ने आमाले पत्तो पाउन नपाउँदै रेल धेरै टाढा कुदिसकेको थियो । निर्धारित स्थानमा रेल रोकिएपछि आमाचाहिं उत्रिइन् र केही मानिसको सहयोगमा आफ्नो शिशु खसेको हुनसक्ने अनुमानित ठाउँमा आएर खोजी गर्न थालिन् ।

नभन्दै रेल लिकछेउमा सालनालसहितको उनको नवजात शिशु जीवितै अवस्थामा फेला पर्‍यो । तीव्र गतिमा कुदेको रेलबाट खसेको शिशु जीवितै अवस्थामा फेला पार्ने व्यक्तिहरूले भन्न थालेका छन्- जन्म र मृत्यु एकै समयमा आउन सक्दो रहेनछ ।

### फोहोरको थुप्रोमा डेढलाख डलर

*टोकियो–* मानिसले कामलाई सानो-ठूलो भनेर छुट्याउन हुँदैन । सानो वा फोहोर ठाउँमा काम गर्नेलाई हेप्नु पनि हुँदैन र त्यस्तो काम गर्नुपर्दा गाह्रो मान्नु पनि हुँदैन । मेहनत गरेर काम नगरेपछि नचिताएको कुरा पनि प्राप्त हुन्छ भन्ने उदाहरण जापानको एउटा घटनाले देखाएको छ ।

टोकियोभन्दा उत्तरमा पर्ने एउटा सानो शहर कोशिगायामा फोहोर तह लगाउने काममा संलग्न एक मजदुरले फोहोरको पोकाभित्र १ लाख ५० हजार डलर फेला पारेका छन् ।

शहरको फोहोरलाई व्यवस्थित ढंगले मेसिनद्वारा प्रशोधन गरी त्यसबाट विद्युत् उत्पादन र इँटाका ब्लकहरू सँगसँगै उत्पादन गर्ने प्रविधि जापानमा अँगालिएको छ । कोशिगाया नगरको फोहोरलाई मेसिनमा हाल्ने काममा संलग्न ती कामदारले फोहोरको डंगुरभित्रको एउटा पोको खोलेर हेर्दा अमेरिकी डलरका ८३ वटा मुठाहरू फेला पारे । मुठाका सबै नोटहरू गन्दा डेढ लाख डलर रहेछ ।

प्रहरीले छोटकरी नाम इसिओका मात्र बताएको २९ वर्षीय उक्त सफाइ मजदुरले विभिन्न किसिमका फोहोरहरूलाई छुट्याएर तह लाउने मेसिनमा केही वर्षदेखि काम गर्दैआएका थिए ।

### मान्छेको मासु खाएको स्वीकार

*मस्को–* मान्छेले मान्छेकै मासु पनि खाँदो रहेछ । अत्यधिक भोकमरीमा परेपछि वा अति रिस उठेको मान्छेप्रतिको आक्रोश पोख्न शायद यस्तो राक्षसी व्यवहार प्रदर्शन गरिन्छ होला ।

रुसको स्वशासित क्षेत्र चुभासियामा गतसाता यस्तै एउटा घटना भयो । कारागारबाट भरखरै छुटेर आएको एउटा मान्छेको घरमा भएको आक्रमणको अनुसन्धान गर्न खटिएका जासुसहरूले त्यहाँ रगतका छिर्का, मान्छेका मासुका डल्लाहरू र काटेर फालिएका शरीरका टुक्राहरू फेला पारे ।

ती जासुसहरूले उक्त निवर्तमान कैदीलाई केरकार गर्दा उसले विस्तारै आफ्नो अपराध स्वीकार पनि गर्न पुग्यो ।

भएको के रहेछ भने कारागारबाट छुट्नेबित्तिकै उसले एकजनालाई घरमा पाहुनाको रुपमा बोलाएछ । उसलाई जेलको हावा खुवाउनमा धेरथोर भूमिका भएको सो पाहुनासँग कुराकानीकै क्रममा उसको चर्को विवाद भएछ र रिसको झोंक खप्न नसकेपछि उसले पाहुनामाथि हतियार प्रहार गरेछ । पाहुनाको हत्याले पनि उसको रिस नमरेपछि उसले मृतकको तातो रगत र मासु नै खान थालेछ ।

प्रहरीले सो व्यक्तिलाई मानव भक्षी व्यवहार प्रदर्शन गरेको भनी थुनामा नै राखी मानसिक उपचार सुरु गरेको छ । *(स्रोत–विविध समाचार पत्र)*

**श्री ५ बाट बौद्ध विहार संघको रजत जयन्ती समारोह समुद्घाटन**
२०५७ मंसिर ५ गते, सोमबार ।
स्थान- अक्षयेश्वर महाविहार । ललितपुर ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट अक्षयेश्वर महाविहारमा एक समारोहका विच बौद्ध विहार संघ, ललितपुरको रजतजयन्ती समारोहको समुद्घाटन गरिवक्सेको समाचार छ ।

समाचारमा उल्लेख भए अनुसार सो समारोहमा मौसफुबाट बौद्ध विहार संघमा विशेष योगदान पुऱ्याउनु हुने संघका अध्यक्ष बुद्धिराज बज्राचार्यलाई कदर पत्र र पूर्व अध्यक्ष हर्षरत्न शाक्य तथा संघका चित्र तथा मूर्तिकला प्रशिक्षण व्यवस्थापन समितिका प्रमुख प्रशिक्षक दिल बहादुर लामालाई प्रशंसा पत्र प्रदान गरिवक्सेको थियो ।

श्री ५ बडामहारानी पनि समुपस्थित भइबक्सेको सो समारोहमा मौसुफहरूबाट नवनिर्मित भैषर्ज्य बुद्ध र शाक्यमुनि बुद्धको १९ फिट अग्लो प्रतिमाको पूजा गरिबक्सनुका साथै ललित बौद्धकला प्रदर्शनी पनि नजर गरिबक्सेको थियो ।

## छाँताजी (समृद्धि) चैत्य

भगवान बुद्धको महापरिनिर्वाण स्थल कुशीनगर मा "कुशीनगरको स्तम्भ' छाँताजी चैत्यको निर्माण गत २२ भई १९९७ ई. का दिन वृहस्पतिवार बुद्ध पूर्णिमाको अवसरमा उत्तर प्रदेश शासनको तत्कालिन मुख्य मन्त्री बौद्ध उपासिका सुश्री मायावतीले शिलान्यास गर्नु भएको थियो । त्यही दन अखिल भारतीय भिक्षु महासंघका संघ नायक एवं कुशीनगर भिक्षु संघको महामन्त्री अग्गमहापंडित भिक्षु ज्ञानेश्वरको प्रार्थना अनुसार पडरौना जिल्लालाई कुशीनगर जिल्ला नाम राखिएको थियो । कुशीनगर अन्तर्राष्ट्रिय बौद्ध तीर्थ स्थल हो । १९७७ ई. २ मईको दिन बुद्ध पूर्णिमाको अवसरमा भिक्षु ज्ञानेश्वरले कुशीनगरलाई नगर समिति वनाउनका लागि उत्तर प्रदेशका नगर पञ्चायत मन्त्री श्री रमाधार पाण्डेसंग माग गर्नु भएको थियो । यस मागलाई मन्त्रीज्यूले सहर्ष स्वीकार गर्नु भएको थियो ।

कुशीनगर जिल्ला र छाँताजी चैत्यको शिलान्यास एउटै दिन २२ भई १९९७ ई. का दिन भएको थियो । त्यसैले कुशीनगरको स्तम्भको रुपमा रहने यस चैत्यको निर्माण कार्य भिक्षु ज्ञानेश्वरको नेतृत्त्वमा बर्माका छाँताजी चैत्य निर्माण समितिको प्रयासबाट भइरहेको थियो । विचमा ३-५-१९९ ई. का दिन सोमवार केही कारणवस चैत्य निर्माण कार्य रोकियो । त्यस समय चैत्यको उचाई लगभग ७० फीट पुगिसकेको थियो ।

भिक्षु ज्ञानेश्वरको प्रयासबाट मिति १-८-२००० का दिन मंगलवार फेरि पूजापाठ गरी निर्माण कार्य प्रारम्भ गरियो । छाँताजी चैत्य विश्व प्रशिद्ध बर्माका स्वेदगों चैत्यको सानो रूप हो । स्वेदगों चैत्यको उँचाई ३२६ फुट छ, जसमा चारवटा बुद्धहरूको केही न केही सामान स्थापना गरिएको थियो । छाँताजी चैत्यको उचाई १०८ फीट छ । यो चैत्य विश्व शान्ती एवम् समृद्धिको लागि बनाइएको छ जसमा ६ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको थियो । तर एक वर्ष ३ महिना सम्म निर्माण कार्य रोकिएको कारणले गर्दा बढि खर्च हुने सम्भावना देखिन्छ ।

तथागतको महापरिनिर्वाण स्थानलाई हजारौं वर्ष सम्म चिरस्थायी वनाउने यस चैत्य निर्माण कार्यमा सहभागी भई सुगति प्राप्त गर्नलाई इच्छुक सहभागीहरूलाई आव्हान गरिन्छ ।

## सुलक्षण कीर्ति विहारको वार्षिकोत्सव

२०५७ कार्तिक २६ गते, शनीवार ।
स्थान- सुलक्षणकीर्ति विहार, सुन्दरीघाट ।

सुलक्षणकीर्ति विहारको वार्षिकोत्सवको उपलक्षमा "सुगत सन्देश" नाम गरेको त्रैमासिक पत्रिका पनि संघनायक भिक्षु अनिरूद्ध महास्थविरबाट विमोचन गरिएको समाचार प्राप्त भएको छ । सुगत सन्देशका सम्पादक केदार शाक्यका अनुसार यस पत्रिका नेपाली, नेवारी र अंग्रेजी भाषाका सामग्रीले समेटिएको हुनेछ ।


Downloaded from http://www.dhamma.digital

प्राप्त समाचारमा उल्लेख गरिएनुसार उक्त धार्मिक पत्रिकामा नेपालका लागि श्रीलंकाका राजदूत पामेला जे दीन, थाइल्याण्डका राजदूत पोथेव मेनाचेन्दा र म्यानमारका राजदूत तीनवीनले सन्देश पनि दिनुभएको थियो।

थाइल्याण्ड र म्यानमारका राजदूतहरूको उपस्थिति रहेको उक्त समारोहमा भिक्षु ज्ञानपूर्णिक महास्थविर भिक्षुणी धम्मवती र भिक्षुणी डा. अनोजा आदिले आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएको थियो। यसरी नै उक्त कार्यक्रममा विहारका सचिव भीमबहादुर श्रेष्ठले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

**ध्यानकुटी बाल आश्रमको लागि प्राप्त सहयोग**

ध्यान कुटी बाल आश्रमको लागि यथाश्रद्धा चन्दा प्रदान गर्ने व्यक्तिहरूको नाम र रकम विवरण–

रू. १०००/- चन्दा प्रदान गर्ने दाता Mike Gill

रू. ५०० र सो भन्दा वढि चन्दा प्रदान गर्ने दाताहरूको नाम–

पूर्णमाया महर्जन, तीर्थ बहादुर मानन्धर, भिक्षु मिलिन्द र भिक्षु विशुद्धानन्द आदि।

रू. १०० देखि रू. ३०० सम्म चन्दा प्रदान गर्ने दाताहरूको नाम–

अनुपमा गुरुमां, भिक्षु संघरक्षित, रमेश शाक्य, श्रा. सानु, रामकृष्ण, रत्न, विजुली माया श्रेष्ठ, भिक्षु वरसंबोधी, पञ्चारी कञ्चना, रोशना तुलाधर, इन्दावती गुरुमां, भिक्षु शोभन, श्रद्धावती गुरुमां, श्यामकृष्ण उपाध्याय, जनार्दन रश्मी ताम्राकार, प्रवल मीना मानन्धर, देश रत्न कशा, कान्छा काजी तुलाधर, प्रकाश रत्न मानन्धर, प्रकाश तुलाधर, भिक्षु मेघंकर, राम चन्द्रसिं बज्राचार्य, जगत रत्न कंसाकार, इश्वर दास मधिकर्मी, न्हुच्छे रत्न तुलाधर, साहिंला मान तुलाधर, पुष्प रत्न तुलाधर, राममाया महर्जन, नानु शाक्य, श्रामणेर विमल, भिक्षु धर्मसागर, भिक्षु संवेग कीर्ति, मां शोभा गुरुमां, वसुन्धरा भक्त, जयवती गुरुमां, फल रत्न विद्या, उत्तरा गुरुमां, खेमानन्दी गुरुमां, चन्द्र बहादुर मानन्धर, सुखवती गुरूमां, मीना मानन्धर, मन्दीरा महर्जन, शान्त मान शाक्य, श्री कुमारी मानन्धर, बुद्धिलाल महर्जन, मदन मानन्धर, नरेन्द्र तुलाधर, दश नारायण मानन्धर, अगम्य कंसाकार, प्रमिला ताम्राकार, विमला शाक्य, श्यामलाल चित्रकार र मां सुखी गुरूमां आदि। रू. ५० देखि रू. ६० सम्म चन्दा प्रदान गर्ने दाताहरू–अष्टराज बज्राचार्य, मैंया महर्जन, गौतम मानन्धर, Charls Gay, मां शोभा गुरुमां र चित्तावती गुरुमां आदि। यी बाहेक अन्य रू. १४८५/- खुद्रा चन्दा पनि प्राप्त भएको कुरा जानकारी हुन आएको छ। जम्मा रू. १०,६२४/–

**कठिन उत्सव**

२१ गते कार्तिक। कीर्तिपुर स्थित नगर मण्डप। श्रीकीर्ति विहारमा थाइलैण्डका संघराजा सोमदेच ञाणसंवर सकल महासंघ परिणायकको प्रतिनिधित्व गर्दै थाइलैण्डबाट आएका २५ सदश्यीय श्रद्धालुहरूले कीर्तिपुरका भिक्षु संघलाई कथिन दान गरिएको समाचार छ।

कथिन दानको नेतृत्व गर्नु हुने जनरल सुखीन वराउथाइले (GENERAL SUPIT WORAUTHAI) कठिन दानको पुण्यानुभावबाट श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै नेपालमा बुद्धधर्मको बढी प्रचार हुँदै जाने आशा गर्नु भयो। कथिन दानमा भिक्षु संघलाई चीवर वस्त्र औषधि इत्यादि दान गर्नुका साथै श्रीकीर्ति विहार र श्रीकीर्ति बौद्ध केन्द्रलाई ५ लाख ६० हजार रूपैयाँ पनि प्रदान गरेको थियो।

**धम्मपद हाजिरी जवाफ प्रतियोगिता**

२०५७ आश्विन २३ गते, सोमवार।

स्थान- श्री सुमंगल विहार ललितपुर।

पूज्यपाद "अग्ग महा सद्धम्म जोतिक धज" अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बुद्धघोष महास्थविरको ८० औं शुभ जन्मदिनको शुभ उपलक्षमा ललितपुर स्थित श्री सुमंगल बौद्ध संघको आयोजनामा धम्मपद हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ।

संघ महानायक भिक्षु अनिरूद्ध महास्थविरले ८० वटा प्रदिप जलाउनु भई समुद्घाटन गर्नुभएको उक्त

प्रतियोगिताका प्रमुख अतिथी ल.पु. उप महानगर पालिकाका प्रमुख बुद्धिराज बज्राचार्यले उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुन सफल भएका विजयी प्रतियोगीहरूलाई प्रमाण पत्र र पुरस्कारहरू प्रदान गर्नुभएको थियो ।

सुमंगल बौद्ध संघका अध्यक्ष गुणराज शाक्यको सभापतित्त्वमा संचालित यस प्रतियोगितामा अतिथीको आशनबाट भिक्षु ज्ञानपूर्णिक महास्थविरले प्रतियोगिताको महत्त्व बारे आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने यस प्रतियोगिताका निर्णायक मण्डलमा त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर, नेपाल बौद्ध परियत्ति शिक्षाका परियत्ति सद्धम्म कोविदहरू भिक्षु बोधिज्ञान, निक्खमी गुरुमां, त्रिरत्न मानन्धर र देवकुमारी शाक्य आदि रहनु भएका थिए भने प्रश्नकर्ता महेन्द्ररत्न शाक्य रहनु भएको थियो ।

भिक्षु बुद्धघोष महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको उक्त प्रतियोगितामा मञ्जु शाक्य, सनम शाक्य र रविना शाक्य आदिले स्वागत गान गाउनु भएको थियो ।

भीम शाक्यले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रम भीम शाक्य र हेराकाजी सुजिका:को मूल संयोजकत्त्वमा पूर्णमान शाक्यले सञ्चालन गर्नुभएको थियो ।

नेपाल बौद्ध परियत्ति शिक्षाको कक्षा संचालन गरिरहेका संस्थाहरूमध्ये जम्मा ११ वटा संस्थाहरूले भाग लिएको यस प्रतियोगितामा दीपङ्कर परियत्ति शिक्षा नागवहाल-प्रथम, शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय थैना-द्वितीय र संघरक्षिता विहार चंकि टोल-तेश्रो हुन सफल भएका थिए । यसरी नै प्रतियोगितामा भाग लिने अन्य संस्थाहरूको नामावली प्राप्ताङ्क अनुसार क्रमश: यसरी छन्- विश्व शान्ति बौद्ध शिक्षालय, नयाँ बानेश्वर, यशोधरा बौद्ध शिक्षालय थैना, धर्मकीर्ति विहार श्रीघ:, वेलुवनाराम विहार ठेचो, प्रणिधिपूर्ण महाविहार बलम्बु, बौद्ध युवा कमिटी झटापोल, बौद्ध जन विहार सुनागुठी र जितापुर गन्धकुटी विहार खोकना आदि ।

## शाक्यमुनी विहार उद्घाटन

०५७ मंसीर १४ गते बुद्धवार ।

सिंगापुर निवासी श्री सुनाम साठीले लुम्बिनी स्थित नव निर्मित शाक्यमुनी विहारको उद्घाटन गर्नुभएको समाचार छ । समाचार अनुसार यस विहारको निर्माण कर्ता दाता पनि सुनाम साठी नै हुनहुन्थ्यो ।

महापरित्राण पाठ र अन्यविभिन्न कार्यक्रम गरी सम्पन्न गरिएको सो समारोहमा वोधि दीप प्रज्ज्वलन गरी विधिवत बौद्ध परम्परा अनुसार सो विहारको उद्घाटन गरिएको थियो ।

## पोखरा र त्रिशुलीमा कठिन उत्सव सम्पन्न

**पोखरा-**

भिक्षु श्रद्धानन्द र भिक्षु सुभद्र धर्मशीला विहार पोखरामा वर्षावास पूरा गर्नु भएको उपलक्षमा कठिन उत्सव सम्पन्न गरिएको समाचार छ । धर्मशीला विहारको दायकत्त्वमा सम्पन्न भएको उक्त समारोहमा काठमाडौं स्थित संघाराम विहार र आनन्दकुटी विहार सहित गरी जम्मा ५ जवान भिक्षुहरूले भाग लिनुभएका थिए ।

**त्रिशुली-**

त्रिशुली स्थित सुगतपुर विहारमा भिक्षु वरसम्बोधीले वर्षावास पूरा गर्नुभएको उपलक्षमा काठमाडौबाट जम्मा १० जवान भिक्षुहरू जानुभई कठिन उत्सव सम्पन्न गर्नुभएको समाचार छ ।

## विश्वमैत्री विहारमा भिक्षु कालुदायीको सम्भना

विश्व मैत्री विहारमा स्वर्गीय भिक्षु कालुदायीको पूण्य स्मृतिमा बुद्ध पूजा र धर्मदेशना कार्यक्रम संचालन गरिएको समाचार छ । धर्मदेशनाको क्रममा भिक्षु सोभनले षडइन्द्रियलाई वसमा राख्न सकेमा मात्र निर्वाण प्राप्त गर्न अगाडी वढ्न सक्ने विचार पोख्नु भयो ।

उक्त कार्यक्रममा श्री महेश्वराज बज्राचार्य, धनमाया महर्जन, मोहन महर्जन, चक्रराज शाक्य, श्रामणेर प्रज्ञानन्द आदिले आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

पवित्रवहादुर वज्राचार्यले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रम लोक बहादुर शाक्यले संचालन गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## ध्यान शिविर, उपसम्पदा कार्यक्रम सम्पन्न

२०५७ कार्तिक ७ - १६।

स्थान- विश्व शान्ति विहार, मीन भवन।

विश्व शान्ति विहारमा पहिलो ध्यान शिविर, सीमा सम्मत, उपसम्पदा कर्म र संघ उपोसथ सम्पन्न भएको समाचार प्राप्त भएको छ।

प्राप्त समाचार अनुसार म्यानमारका रंगुन स्थित सद्धम्मरंसी ध्यान केन्द्रका प्रमुख कर्मस्थानाचार्य सयादो ऊ कुण्डलाभिवंसको निर्देशनमा विश्व शान्ति विहारमा साप्ताहिक ध्यान शिविर संचालन गरियो। विहारका श्रामणेरहरू, गुरुमांहरू र उपासक उपासिकाहरू गरी जम्मा ४५ जवान व्यक्तिहरू सहभागी रहेको उक्त ध्यानशिविर कार्तिक ९ गते देखि १६ गते सम्म संचालित थियो।

सयादोको निर्देशनमा भिक्षु संघको तर्फबाट कार्तिक १६ गते सो विहारको माथिल्लो धम्महलमा "सासन वेपुल्ल प्रासाद सीमा" सम्मत गरियो। सीमा वा उपोसथागार भनेको क्षिुहरूको विनय नियमानुसार साना ठूला संघ कार्य र उपसम्पदा कर्म संचालन गर्नका लागि नभई नहुने स्थान हो। सोही स्थान (सीमा वा उपोसथागार) मा सयादोको उपाध्यायत्त्वमा गत ७ महिना अगाडि प्रव्रजित भएका आदिच्चो श्रामणेर सर्वप्रथम उपसम्पन्न भिक्षु हुनुभयो। १२ जवान कारक संघहरू सम्मिलित भएको उक्त उपसम्पदा कर्ममा उपसम्पन्न भिक्षु आदिच्चोलाई चतुप्रत्ययद्वारा सेवा गर्ने जिम्मा लाल दरवार निवासी उपासक भाइराजा, वसुन्धरा तुलाधर सपरिवारले लिनु भएको थियो। २२ वर्षिय भिक्षु आदिच्चो शंकर देव क्याम्पसमा बी.बी.एस्‌ तेश्रो वर्षमा अध्ययनरत हुनुहुन्छ।

विश्व शान्ति विहारमा नयाँ सम्मत भएको सीमामा (१५ दिनमा एकपटक गरिनुपर्ने उपोसथ कर्म) ध्यान गुरु सयादो ऊ कुण्डलाभिवंश सहित ६ जवान भिक्षु संघहरूको उपस्थितीमा गत कार्तिक २५ गते पहिलोसंघ उपोसथ सम्पन्न गरियो।

## दिवंगत व्यक्तिहरूको पूण्य स्मृतिमा दान

स्थान- धरान। २०५७ असार २९ गते धरान निवासी श्रीमती कृष्ण कुमारी शाक्यको स्वर्गारोहण भएकोले उहाँको पूण्य स्मृतिमा उहाँका परिवारले श्री वोधिसत्त्व विहार संखुवासभालाई दान स्वरूप रू. १५०१/- प्रदान गरेको समाचार छ।

त्यसरी नै लाल कुमारी शाक्यको पूण्य स्मृतिमा उहाँका परिवारको तर्फबाट सोही विहारलाई रु. ७३२/- रकम प्रदान गर्नु भएको छ।

अन्त्यमा दिवंगत व्यक्तिहरूको पुण्य स्मृतिमा पुण्यानुमोदन पनि गरिएको थियो।

स्थान- थसि, ललितपुर, २०५७ कार्तिक २२ गते। स्व. गणेश बहादुर महर्जनको पूण्य स्मृतिमा उहाँका श्रीमतीले श्री सिद्धि मंगल बुद्ध विहारका भिक्षु र उपासकोपासिकाहरूलाई जलपान दान गर्नुभएको थियो। त्यस्तै श्री लक्ष्मी वहादुर श्रेष्ठले सो विहारमा भजन गर्नका लागि आफ्ना स्वर्गिय माता पिताको पूण्य स्मृतिमा हार्मोनियम एकथान दान गर्नुभएको थियो।

## पदाधिकारी छनौट

२०५७ भाद्र २२ गते। विश्व शान्ति बौद्ध गुम्वा विहार तथा निर्माण व्यवस्थापन समाज भोजपूरको साधारण भेलामा निम्नानुसारको पदाधिकारीहरू छनौट भएको समाचार प्राप्त भएको छ।

जिल्ला कार्य समिति–अध्यक्ष–श्री सूर्यगोले। उपाध्यक्ष–श्री दिल्ली तामाङ्ग। सचिव–श्री राम घिसिङ्ग। कोषाध्यक्ष–श्री विर्ख वहादुर तामाङ्ग।

सदस्यहरू–सुश्री सुशीला तामाङ्ग, श्री मिलन मोक्तान श्री- पुष्प वैद्य, श्री कृष्ण तामाङ्ग, श्री महेश तामाङ्ग, श्री टेकेन्द्र बल, श्री धन बहादुर तामाङ्ग।

सल्लाहकार समिति–श्री शरण कुमार मोक्तान, श्री सागरनारायण मोक्तान श्री चन्द्रकुमार बल, श्री भिम ब. नेगी।

## बौद्ध जागरण प्रशिक्षण शिविर

धर्मोदय सभा लमजुङ्ग शाखा, कीर्ति बौद्ध केन्द्र तथा हिमालयन एजुकेशन फाउण्डेशनको संयुक्त आयोजनामा लमजुङ्गको सदरमुकाम वेशीसहरमा २०५७ आश्विन १३ र १४ गते बुद्ध धर्म सम्बन्धि ज्ञान संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले बौद्ध जागरण प्रशिक्षण शिविर सम्पन्न गरिएको समाचार छ। धर्मोदय सभा लमजुङ्ग शाखाको अध्यक्ष श्री विजय बहादुर गुरूङ्गको सभा-पतित्त्वमा सम्पन्न भएको उक्त २ दिने प्रशिक्षण शिविरको उद्घाटन धर्मोदय सभाका केन्द्रिय अध्यक्ष श्री लोकदर्शन वज्राचार्यज्यूले गर्नुभएको थियो। भिक्षु शोभनले पञ्चशील प्रार्थना गराउनु भएको उक्त शिविरमा जम्मा ६० जवान महिला तथा पुरुषहरू सहभागी रहेका थिए।

उक्त शिविरको प्रशिक्षणका विषय र प्रशिक्षकहरूको नामावली यसरी रहेको छ।

| *प्रशिक्षण विषय* | *प्रशिक्षक* |
|---|---|
| बुद्ध जीवन | भिक्षु शोभन |
| त्रिरत्न गुण, पञ्चशीलको महत्त्व | मदन रत्न मानन्धर |
| चतुआर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग | अमीता धाख्वा |
| बुद्ध धर्ममानारीको स्थान | अमीता धाख्वा |
| दर पारमिता, आधारभूत आवश्यकता | डा. केशवमान शाक्य |
| ग्रामिण विकासमा बुद्ध धर्म | श्री सुरेन्द्र शाक्य |
| विपश्यना ध्यानको महत्त्व | मदन/अमीता |
| जनजाती र बुद्ध धर्म | डा. कृष्ण भट्टचन |
| बुद्ध धर्म र हाम्रो सँस्कृति | गम प्रसाद गुरूङ |
| सर्वोदय | सुरेन्द्र शाक्य/केशवमान |

# वर्षावास पछि कथिन चीवर दान

अरु नचाहिने विषयहरूमा गफ नगरौं । कामलागने विषयलाई मात्र छोएर छिट्टै छलफल गर्न पाए राम्रो हुन्थ्यो । एकजना सदस्यले आफ्नो विचार पोख्यो । हुन्छ नि । हामीहरूको बानी नै भइसक्यो- कुनै सभा समारोह हुँदा विषयवस्तु तिर नगई अर्कै कुरा बिचमा ल्याएर समयको दुरुपयोग गर्ने बानी छ हामीमा । एकजनाले भन्यो- नभई नहुने व्यक्तिको उपस्थिती हुन बाकी नै छ । अनि गफ नगरी के गर्ने त ?

यत्तिकैमा एकजना सदस्यले प्रश्न गरि हाले- हालसालै कार्तिक महीना भरि धेरैजसो विहारहरूमा भिक्षु संघलाई कथिन चीवर दान महोत्सव पालै पालो गरी मनाए । यसको विशेष महत्त्व र औचित्य के होला ?

आयोजकको तर्फबाट एकजनाले भन्यो- "यो भिक्षुहरूको नियम सम्बन्धि कुरो हो । कठिन चीवर दान संग वर्षावास बस्ने भिक्षुहरूको पनि सम्बन्ध हुन्छ । यो उत्सवको महत्त्व भिक्षु संघको महत्त्वसंग सम्बन्धित छ । यो व्यक्तिगत कुरो होइन । गौतम बुद्धले व्यक्तिलाई भन्दा संघलाई महत्त्व दिनु भएको छ । कथिन चीवर दान पनि भिक्षु संघलाई पहिले दिने गर्छ । त्यसपछि भिक्षु संघमा प्रस्ताव राखिन्छ- "भिक्षु संघलाई चीवर प्राप्त भएको छ, के गर्ने ? फलानो भिक्षुलाई दिए हुन्छ कि हुन्न ? प्रस्ताव स्वीकार भए भिक्षुहरू मौन रहन्छ र त्यहाँ कुनै विरोध छैन भन्ने कुरो बुझिन्छ । त्यसपछि फलाना भिक्षुलाई भिक्षुसंघले चीवर दिने निर्णय भयो भनी घोषणा गरिन्छ ।

व्यक्तिगत गरेर मनोमानी भइन्छ भनेर नै भिक्षु संघलाई दिनुपर्छ भन्ने नियम बनाइएको हो । यही नियम भिक्षु संघलाई सम्झाउने अर्थले महत्त्वपूर्ण देखिन्छ । यस्तो गर्न सकिएन भने संघको महत्त्व नै विर्सिदिनेछ । तैपनि धेरैजसो नियमहरू खुकुलो भइसके भिक्षुहरूको । जे होस्, यो वर्षावास र कथिन चीवर दान परम्पराले बुद्धकालिन नियमहरूलाई सम्झना गराउँछ ।

आजको परिस्थितीमा कथिन चीवर दान महोत्सवको महत्त्व के छ भने यस समारोहमा सबै भिक्षुहरूको समागम हुन्छ, भिक्षुणीहरूको प्रतिनिधीको रूपमा गुरुमांहरूको उपस्थिती हुन्छ र दान कार्यक्रम हुन्छ ।

अर्का एक सदस्यले प्रश्न उठाए- वर्षावास पछि सबै भिक्षु भिक्षुणीहरूलाई निमन्त्रणा गर्नु अनिवार्य छ ?

उत्तर आयो- सबैलाई निमन्त्रणा दिने र नदिने भन्ने विषय त श्रद्धालु दाताहरूको इच्छामा भर पर्छ । सबैलाई निमन्त्रणा दिनु नै पर्छ भन्ने अनिवार्य त छैन । उदाहरणको लागि कीर्तिपूर नगर मण्डप विहारमा एक दुई साल अगाडि देखि सात आठ जवान भिक्षुहरूलाई मात्र बोलाएर कथिन चीवर दान उत्सव सम्पन्न गरियो । त्यसैले धेरै पैसा बचेछ । बचेको पैसा थाइल्याण्डबाट आएका उपासकहरूले कीर्तिपुर विहार लाई नै लगभग ६ लाख रुपैयाँ दान दिएर गएको समाचार छ । त्यसरी नै त्रिशुली सुगतपुर बिहारमा काठमाडौंबाट दश जना मात्र भिक्षुहरूलाई निमन्त्रणा दिई कथिन उत्सव सम्पन्न गरियो । त्यस्तै पोखराको धर्मशीला विहारमा काठमाडौंबाट ५ जना मात्र भिक्षुहरूलाई निमन्त्रणा गरी कथिन चीवर दान उत्सव सम्पन्न गरियो ।

कथिन चीवर दान त चीवर अभाव भएको अवस्थामा शुरु भएको हो । तर आजभोली त चाहिएको भन्दा बढि चीवर म्यानमार, थाइल्याण्ड र श्रीलंकाबाट प्राप्त भइरहेका छन् । यसपाली शंखमूल ध्यानकेन्द्रमा र विश्वशान्ति विहारमा अधिकांश वरिष्ठ भिक्षुहरूलाई म्यानमार (बर्मी) राजदूतले चीवर दान दिए ।

एक जना नयाँ सदस्यले आफ्नो विचार प्रकट गर्दै भन्यो-"हालको कथिन उत्सवको प्रतिस्पर्धा देखेर बुद्ध धर्ममा पनि तमासाको विकृति उत्पन्न भयो कि जस्तो लाग्न थाल्यो । धेरै नै पैसा खर्च हुन्छ जस्तो लाग्यो । यो कुरो सुनी सबैजना हाँसि रहे ।

आज त कथिन चीवरकै विषयमा छलफल गर्दै समय वितायौं । त्यसैले अरु विषयमा छलफल नगरौं । आजलाई यति नै ।



Downloaded from http://www.dhamma.digital

## सम्पादकीय

# बुद्धको परिचय र उहाँको मूल शिक्षा

बुद्धका अनुयायीहरूले बुद्धको सही व्यक्तित्वलाई चिन्न बांकी रहेकै देखिन्छ। बुद्ध एक महान त्यागी र महापुरुष हुनुहन्छ भनी विश्वास गर्नु त ठीकै छ। तर यसको साथसाथै उहाँ एक अलौकिक शक्ति प्राप्त भएको व्यक्तित्त्व भन्ने ठानी उहाँप्रति भक्तिभावमा मात्र लीन हुने बानी भने राम्रो होइन। बुद्ध त मानव शरीर धारण गरेको एक व्यक्ति हुनुहुन्छ। साधारण मानव शरीरले जसरी शरीरको अनित्य, दुःख र अनात्मको स्वभाव देखाउँछ, बुद्धको शरीरले पनि त्यसरी नै अनित्य, दुःख र अनात्म स्वभाव देखाउनु त स्वभाविक नै हो। त्यसैले बुद्धकालिन घटनाहरू अध्ययन गरेर हेर्ने हो भने बुद्धका कैयन यस्ता अवस्थाहरू पनि छन्, जहाँ उहाँलाई विभिन्न शारीरिक अस्वस्यताको कारणले शारीरिक पीडाहरू भएको देखिन्छ। तर उहाँले यस्तो शारीरिक पीडालाई एक साधारण मानिसले जस्तै त्यसैमा लिप्त रही वेहोशीपूर्वक पीडालाई भोग्ने गर्नु भएन। त्यस शारीरिक पीडालाई उहाँले आफ्नो मन तटस्थ राखी अनुभवमा मात्र सीमित राख्नु हुन्छ। तर हामी त्यही शारीरिक पीडामा पिल्सिएर पीडा भोगी दुःखी हुन्छौं। यति फरक छ, बुद्धको मनोबल शक्ति र हाम्रो मनोबल शक्तिमा।

हाम्रो अगाडि घटिरहेका कैयन घटनाहरूले हाम्रो मनलाई प्रभाव पारिरहेका हुन्छन्। कैयन यस्ता बाह्य आरम्मणहरूले बुद्धको मनलाई निराश र दुःखी तुल्याउन आक्रमण गरेपनि यस्ता मारहरूलाई उहाँले सही ढंगले हटाउनु सफल हुनुभएको कुरा कैयन बुद्धकालिन घटनाहरूले प्रस्तुत गरेका छन्। बुद्ध दुःखी हुनुभयो, निराश हुनुभयो र हतोत्साही हुनुभयो भन्नुको तात्पर्य उहाँ त्यही दुःखमा पिल्सिनु भयो भनेको होइन। यो त वाह्य आरम्मणले उहाँलाई दुःखी, हतोत्साही र निराश पार्न गरिएको आक्रमणलाई जनाएको मात्र हो। त्यस आक्रमणलाई उहाँले भोग्नु भएन। बरु त्यस आक्रमणलाई उहाँले आफ्नो मनोबल शक्तिले अलग्ग राखी कसरी अगाडि बढ्नु हुँदो रहेछ र उहाँको बुद्धत्त्व प्राप्त गर्न सक्ने मनको आशय के रहेछ भन्ने विषयमा पनि एकपटक बुझ्ने कोशिस गरौं–

एकपटक बुद्ध बाटोको छेऊमा एउटा रुखमुनि बसिरहनु भएको थियो। त्यसबेला एकजना ब्राह्मणले उहाँ नजिक आई सोध्यो– तपाईं को हुनुहुन्छ ?

बुद्धले भन्नुभयो–

अभिञ्ञेय्यं अभिञ्ञातं भावेतब्बं च भावितं
पहातब्बं पहीनं मे तस्मा बुद्धोस्मि ब्राह्मणा।

भावार्थ–"चतुआर्य सत्य जान्नु पर्ने ठानी यसलाई मैले राम्ररी जानिसकें। अध्ययन गरें, अभ्यास गर्नुपर्ने ठानेर अभ्यास पनि गरिसकें। तर अभ्यास मात्र गरेर पनि पुग्दो रहेनछ। आफ्ना पुराना कुसंस्कारहरूलाई पनि त्याग्नु पर्दो रहेछ। त्यसैले मैले मनका सारा विकारहरूलाई त्यागिसकें। म एक बोध भइसकेको बुद्ध हुँ ब्राह्मण।"

यस कुराले के बुझाउँदछ भने संसारमा दुःख छ, दुःखको कारण छ, दुःखको अन्त्य हुन सक्छ, र दुःख अन्त्य गर्ने बाटो पनि छ। बुद्धले दुःख अन्त्य गर्ने बाटोको राम्ररी अध्ययन मात्र गर्नु भएको होइन, खूब अभ्यास पनि गर्नुभयो र दुःखको कारण पत्ता लगाई, तृष्णा आदि मनका विकारलाई पनि त्याग्नु भएको कारणले उहाँ एक बोध भइसक्नु भएको बुद्ध हुन सफल हुनुभयो।

यस कुरोलाई अझ स्पष्ट पारुं–हामी साधारण मानिसहरू र बुद्धमा के फरक छ भने हामी अध्ययन र अभ्यासमा लागे पनि हामीले आफ्ना कुसंस्कार कुप्रवृत्तिहरूलाई त्याग्न सकिरहेका छैनौं। संस्कृति बचाइराख्न र संरक्षण गरिराख्न अडिग रहन्छौं। तर तृष्णा र विकारलाई नत्यागीकन दुःखबाट मुक्त हुने सम्भव नै छैन।

बुद्धलाई पनि भिक्षुहरूको पूर्वाग्रह र समाजको कुसंस्कारहरूले गर्दा केही क्षण संवेग र संवेदन त हुनेगर्छ। तर हामी जस्ता साधारण मानिसहरूमा रहने लोभ, द्वेष, मोह, डाह र बदला लिने जस्ता कुभावना उहाँमा बिल्कुल बाकी छैन। अरुले हाम्रो निन्दा र अपमान गरेको खण्डमा यसलाई सहन हामी तयार छैनौं। तर बुद्धको मनलाई यस्तो अष्टलोक धर्म (निन्दा, प्रशंसा, लाभ, अलाभ, यश अयश, सुख र दुःख। आदिले कम्प पार्न सक्दैन। किनभने बुद्ध तटस्थ हुनुहुन्छ। उहाँले संवेग र समवेदनालाई अनुभव मात्र गर्नुहुन्छ। यसबाट प्रभावित भई कदापी दुःखी बन्नु हुन्न।

ब्राह्मणले बुद्धसंग फेरि यसरी प्रश्न सोध्यो– "तपाईंको मूल शिक्षा के हो ?"

बुद्ध भन्नुहुन्छ–

"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा
सचित्त परियोदपनं एतं बुद्धान सासनं"

अर्थ– "सबै-प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु।"

पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन। मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ।

यसरी बुद्ध शिक्षालाई सरसरति अध्ययन गर्दा केही ठूलो र गहन जस्तो लाग्दैन। तर यसलाई अभ्यासमा ल्याउन सजिलो छैन। किनभने चित्त शुद्ध गर्ने काम धेरै कठिन छ। यहाँ बुद्धको विशेषता चित्त शुद्धता र पवित्रतामा लुकेको छ। उहाँ कुनै चीज र विषयवस्तुमा आशक्त हुनुहुन्न। तर यहाँ आएर हाम्रो र बुद्धको चित्तलाई तुलना गर्दा धेरै फरक पाउँछौं।


बुद्ध आफू बोध भइसके पछि मात्र अरुलाई बोध गर्ने व्यक्ति हुनुहुन्छ, आफू दुःखबाट पारंगत भइसकेपछि मात्र अरुलाई दुःखबाट मुक्त गराउने, आफ्नो पञ्चइन्द्रियलाई दमन गरी आफू शान्त भइसकेपछि मात्र अरुलाई शान्त रहने धर्मोपदेश दिने व्यक्ति हुनुहुन्छ।

तर हामीमा यस्ता योग्यता सृजना गर्न बाँकी नै छ। तैपनि विद्वत्ता देखाउन र उपदेश दिन भने सधैं तयार र तत्पर छौं हामी मध्ये धेरैजसो व्यक्तिहरू। तर बुद्धमा यस्तो देखावटीपना, अहंकार र आडम्बर जस्ता कुसंस्कारहरू बिल्कुल छैन। यही नै बुद्धको विशेषताले भरिएको परिचय हो।

# लुम्बिनीग्राम

## आवास तथा विश्रामगृह

### लुम्बिनीमा आफ्नै घर बनाऔं



भगवान बुद्धको जन्मभूमि, विश्व सम्पदा स्थल, र विश्व शान्तिको मुहान लुम्बिनी पवित्र उद्यान नजिकै निजी स्तरबाट लुम्बिनी प्रा. लि.ले लुम्बिनी ग्राम आवास तथा विश्रामगृह निर्माण गर्ने योजनामा तपाई पनि सहभागी बन्नुहोस्

*आवास भवनमा हुने सुविधाहरु*

बाटो, विद्युत, सरसफाई तथा सुनियोजित पानीको व्यवस्था, स्वीमिङ्ग पुल, व्यायामशाला, बास्केटबल, टेनिस तथा ब्याडमिन्टन कोर्ट, प्राकृतिक पार्क, रेष्टुरेन्ट, व्यवस्थित बजार र ध्यान कक्ष तथा चौबिसै घण्टा सुरक्षाको व्यवस्था

**नगद भूक्तानी विधि:**

कम्पनीले नगद भूक्तानी गर्ने विधि दुई किसिमले निर्धारण गरेको छ।

क. एकैचोटि पूरै रकम तिर्ने ग्राहकहरुले रु. ५०,०००/- छुट प्राप्त गर्नसक्नुहुनेछ।

ख. निर्माण अनुरुप किस्तावन्दीमा भूक्तानी (Construction Linked Payment Plan)

| | |
|---|---|
| पहिलो किस्ता | २०% |
| दोश्रो किस्ता | २०% |
| तेश्रो किस्ता | ३०% |
| चौथो किस्ता | २०% |
| अन्तिम किस्ता | १०% |

**घरजग्गाको मूल्य**

| | | |
|---|---|---|
| Type A | १६.९५ | लाख |
| Type B | १५.९५ | लाख |
| Type C | १४.९५ | लाख |

(द्रष्टव्य: ग्राहक सर्वप्रथम रु. १०,०००/- तिर्नुभई दरखास्त फाराम भर्नुपर्नेछ जुन पहिलो किस्तामा मिलान गरिनेछ।)

अरु विस्तृत जानकारीको लागि हाम्रो निम्नलिखित ठेगानामा सम्पर्क राख्नुहोला।

**लुम्बिनी प्रा. लि.**

पुल्चोक, (साझा बस ग्यारेज अगाडि),

फोन: ५३९६६८, फ्याक्स: ५३०७२८,

ईमेल: vision@wlink.com.np


मुद्रक : न्यू नेपाल प्रेस *प्रधान कार्यालय :* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
*व्यापारिक कार्यालय :* शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital